www.janaakash.com

# जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष- १९, अंक- ५, २०८३ साल भदौ १६ गते मंगलबार (1 September, 2026) www.janaakash.com.np

सत्य, तथ्य, निष्पक्ष समाचारको लागि स्वऐच्छिक सहयोग गर्नसक्नुहुनेछ ।

# दुर्गन्ध फैलिएर अर्को महामारी आउन नदिऔं



■ मोहन कार्की

काठमाडौं- यहि भदौ १० गते छिमेकी राष्ट्र चिनतर्फवाट आएको भोटेकोसी बाढीले नेपालको रसुवा, नुवाकोट, धादिङ, गोर्खा, चितवन नवलपरासी लगायतका क्षेत्रमा अपुरणीय क्षति गरेको छ । कति मानिस बगायो, कति चौपाया बगायो लेखा जोखा छैन । नेपाल सरकारले यहि मिति १५ गते बेलुका सम्म ९०० मानिस बाढीमा परि मृत्यु भएको विवरण सार्वजनिक गरिसकेको छ । घाईते २६७ जना रहेका छन् । सम्पर्क बिहिन भएका करिब ४ हजारको संख्यामा रहेका छन् । त्यतिमध्य कति पुरिए कति बगे कता छन् । निक्कै भयावह स्थिति छ । यो वेलामा स्वास्थ्य सम्बन्धि पनि त्यतिकै ख्याल गर्नु वेला रहेको देखिन्छ ।

उद्धारको काममा नेपाली सेना, प्रहरी, सशस्त्र प्रहरी, विशेष अवस्था रहेको सुरुङ भित्र नेपाली सेना र चिनिया बिशेषज्ञ तथा अन्य उद्धार टोलीहरु खटिरहेका छन् । उद्धार, राहात तथा यतिवेला लासको व्यवस्थापन प्रमुख बनेको छ भने बढीमा परेर घाइते भएकाहरुको उपचार र बाढीवाट प्रभावित भएका मानिसहरुको उपचार पहिलो प्रथामिकता पर्दै आएको छ। कतिपय ठाउँमा मानिस पुरिएर बसेका छन्। थाहा नभएका ठाउँहरुमा तिनै लास कुहिदै जाने बस्तु भाउ पुरिएका ठाउँहरुमा पनि वातावरण प्रदुषण फैलदै जान्छ। यस्ता दुर्घन्ध फैलिएर बाकी रहेका मानिसमा रोग, व्यादी लागेर अर्को महामारी फैलन सक्छ र अर्को आपत आइलाग्न सक्छ । त्यसकारण वातावरण प्रद्रुषण फैलना नदिन र शिविर हरुमा रहेका मानिसहरुले पनि सफा सुघरमा ध्यान दिई जतातत्तै फोहार नगर्ने अन्य उद्धारका लागि गएका मानिसहरुले पनि आफैले प्रयोग गरेका पलाष्टिक जन्य वा कुइने फोहोरलाइ खाल्टो खनेर पुर्नुपर्ने गरी सचेत हुदै

»बाकी ६ पृष्ठमा

# सरकारले विद्यमान कानूनी व्यवस्थाको पुनरावलोकन गर्ने



काठमाडौं- विपद् व्यवस्थापन, विपद् पूर्वतयारी तथा पुनर्निर्माणलाई केन्द्रमा राखेर विद्यमान कानूनी व्यवस्थाको पुनरावलोकन गर्ने भएको छ ।

सरकारले घोषणा गरेको 'कानून सुधार तथा कानून निर्माण वर्ष'लाई कार्यान्वयन गर्न गठित उच्चस्तरीय समितिको तेस्रो बैठकले उक्त निर्णय लिएको कानुनमन्त्री सोबिता गौतमको सचिवालयले जानकारी दिएको छ ।

सोमबार दिउँसो बसेको बैठकमा पछिल्ला विपद्का घटनाबाट देखिएका कानूनी तथा संस्थागत चुनौती, नेपालको भौगोलिक र वातावरणीय जोखिम, विपद्का बेला उद्धार तथा राहतमा देखिने व्यवहारिक कठिनाइ र विपद्पछिको पुनर्निर्माणलाई सहज बनाउने कानूनी व्यवस्थाका विषयमा विस्तृत छलफल भएको थियो ।

मन्त्री गौतमले कानून निर्माण गर्दा परम्परागत ढाँचामा मात्र सीमित नभई 'आउट अफ द बक्स' सोचका साथ नेपालको वर्तमान परिस्थिति, भौगोलिक अवस्था र भविष्यमा आउन सक्ने जोखिमको अध्ययन गरी कानून निर्माण गर्नुपर्नेमा जोड दिइन् । मन्त्री गौतमले कानून सुधारको क्रममा विपद् व्यवस्थापनका विषयलाई अबको कानून निर्माणमा रसुवालगायतका पछिल्ला विपद्का अनुभवलाई समेत समेट्नुपर्ने बताइन्। 'अबको नेपाल कस्तो बनाउने' र 'नेपालको पूर्ण पुनर्निर्माण कस्तो हुने' भन्ने दीर्घकालीन दृष्टिकोणका आधारमा कानून निर्माण गर्नुपर्नेमा उनले जोड दिइन् । उनले नेपालमा विगतमा

»बाकी ६ पृष्ठमा

# आपतकालीन कोष उपलब्ध गराउँन सरकारको माग





काठमाडौं- सरकारले 'अन्तर ाष्ट्रिय हानि नोक्सानी कोष' लाई सँग आपतकालीन कोष तत्काल उपलब्ध गराउँन आधिकारिक पत्र पठाएको छ ।

भोटेकोशी नदी बेसिनमा विनाशकारी बाढीबाट भएको व्यापक जनधनको क्षतिपछि सरकारले 'विशेष बैठक' बसेर अर्थमन्त्री डा. स्वर्णिम वाग्ले र कृषि वन तथा पर्यावरणमन्त्री गीता चौधरीको संयुक्त हस्ताक्षरमा कोषको सञ्चालक समिति (बोर्ड) का सहअध्यक्षहरूलाई सम्बोधन गर्दै आधिकारिक पत्र पठाएको हो ।

कृषि वन तथा पर्यावरण मन्त्रालय जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख डा. महेश्वर ढकालले विशेष निर्णयमार्फत तत्काल वित्तीय सहयोग उपलब्ध गराउन औपचारिक पत्र लेखेको जानकारी दिए । पत्रमा भोटेकोशी बाढीलाई उच्च हिमाली क्षेत्रबाट सुरु भएको चरम जलवायुजन्य विपद्को

»बाकी ६ पृष्ठमा

# एनआरएनएले बाढी प्रभावितलाई १ करोड सहयोग हस्तान्तरण



काठमाडौं- गैरआवासीय नेपाली संघ (एनआरएनए) अन्तर्राष्ट्रिय समन्वय परिषद्ले बाढी प्रभावित नागरिकका लागि परराष्ट्रमन्त्री शिशिर खनालसँगको भेटमा १ करोड रकम हस्तान्तरण गरेको छ । एनआरएनएका पदाधिकारी तथा अभियन्ता र विभिन्न राष्ट्रिय समन्वय परिषद्बाट संकलित रकममध्ये पहिलो चरणमा उक्त रकम कोषमा हस्तान्तरण गरिएको संघले जनाएको हो । एनआरएनए अन्तर्राष्ट्रिय समन्वय परिषद्का

»बाकी ६ पृष्ठमा

# पुन:निर्माणको ठोस कार्यढाँचा तीन दिनभित्र पेश गर्न लम्सालको निर्देशन

काठमाडौं- पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले रसुवा बाढीपछिको पुनर्निर्माणका लागि तीन दिनभित्र ठोस कार्यढाँचा (फ्रेमवर्क) पेश गर्न सम्बन्धित निकायलाई निर्देशन दिएका छन् ।

सोमबार सिंहदरवारमा आयोजित बैठकमा बोल्दै मन्त्री लम्सालले उद्धार र राहतको चरणसँगै अब पुनर्निर्माणको प्रक्रियामा प्रवेश गर्नुपर्ने बताए ।

मन्त्री लम्सालले राष्ट्रिय योजना आयोग, मुख्य सचिव र विज्ञ सुशील ज्ञवालीसहितको टोलीलाई विद्यमान ऐन कानूनको परिधिभित्र रहेर कार्यढाँचा तयार पार्न निर्देशन दिएका हुन् ।

नयाँ संरचना खडा गर्दा समय लाग्ने भएकाले हालकै कानूनी व्यवस्थालाई टेकेर विगतको पुनर्निर्माण प्राधिकरण जस्तै

»बाकी ६ पृष्ठमा



जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१९, अंक- ६,
२०८३ साल भदौ १६ गते मंगलबार
1 SEPTEMBER 2026, TUESDAY

...मान्छ कसैल पनि कर्म लियर आएका हुँदैन । सिर्जना गरमात्र भाग्य, रुप सुन्दर हुन्छ । माहन कार्की

## सम्पादकीय

# बाढीको कथा, न सुध्रिन्छ जनता नबोल्छ सरकार

यतिवेला भोटेकोसीमा आएको विनासकारी बाढीले नेपालका नागरिक तथा अन्तराष्ट्रियस्तवाट तिर्थ यात्रामा आएका पर्यटकहरुलाई समेत नहस नहस बनाएर नर संहार गरेको छ । यतिवेला जानेका या नजानेका विज्ञ, विशेषज्ञ भन्नेहरु मिडियामा छाउन लाईन लागेका छन् । उता पीडामा बाचेका घाईते पीडितहरु आथा र उथु गर्दैछन् । बाढीमा बगेर जसको परिवारै सकियो उसको लागित वरिपरिका छिमेकीहरुले बिचरा भन्ने शिवाय केही पनि रहेन । एकथरी सस्तो लोकप्रीयतामा रमाउनेहहरु बाढी प्रभावित क्षेत्रमा पुगेर सेल्फी हान्दैमा ठिक्क छ । देशका नेपाली सेना, प्रहरी, सशस्त्र प्रहरी सवै परिचालन भएका छन् । कठिन क्षेत्रहरुमा मित्र राष्ट्र चिनका प्राविधिक टोलीले समेत सहयोग गरिरहेका छन् । तै पनि यति जनशक्तिले मात्र उद्धार, राहत वितरण अस्थाई वा थाई शिशिवरहरु निर्माण गर्न पत्याप्त भएका छैनन् । कतिपय ठाउमा उद्धारका कामहरु भइरहेका छन् । कोही कतै जिवितै होलानकी भन्ने झिनो आस बोकेर बसेका आफन्तले आस गर्नुवाहेक अर्को बिकल्प छैन । बाढीले बगाएर थुपारेको लेदोको चाक्लो नै झण्डै दुईतिन मिटर अग्लो छ । तै पनि नेपालीहरु यो लेदो पन्साएर मानिस जिवितै भेटेन्छकी भनेर खोजिरहेका छन् । नेपालीहरुले आफ्नो दाईत्व सम्झेका छन् । भोटेकोशीले पुऱ्याएको क्षति नै सवैभन्दा नेपालको ठूलो बाढी र धेरै क्षति पुगेको भएपनि यस्ता बाढी, पैरोको कथा, ब्यथा नेपाल देशका लागि आजको मात्र होइन । कयौ वर्ष अगाडी देखि नेपालका खोला, खोल्सीमा आउने साना तिना बाढीले पनि यसैगरी मानिस बगाएको, गाई वस्तु बगाएको पीडा देशले ब्यहोर्दै आएको छ । कतै पैरोले मानिस पुरेर मरेका घटना छन् । रामेछापमा झण्डै दूईदशक अगाडी थाप्रा भन्ने ठाउँमा पैरोले कयौ मानिसहरु बगाएर काहा पुऱ्यायो त्यो भन्दा पनि अगाडी ओखलढुङगाको रामपुर भन्ने ठाउमा पैरोले वस्ती नै पुरेको घटना त्यतिवेला सुनेका देखेका मानिसहरुमा आज पनि ताजै छ । रामेछापको दोरम्बा शैलुङ गाउपालिका वाडन ३ लेकखर्कको पैरोले २०८१ भदौमा मानवीय क्षति पुऱ्याउनुका साथै आजपनि मानिसहरु विस्थापित छन् । सिन्धुपाल्चोक मेलम्चीमा २०७८ असार १ गते आएको बाढीले त्यसैगरी धन जनको क्षति गरेको थियो । यहि वर्ष नै बाजुराको ताम्सुरा भन्ने ठाउमा पैरोले मानिसहरु बगाएको र जन धनको क्षति पुऱ्याएको छ । यि घटना प्राकृतिक विपत्ति हुन तर प्रकृतिलाई मात्र दोष लागाएर जिम्मेवार, चेतनाको पनि सर्वश्रेष्ठ मानिने मानिसले आफैले गरेको गल्ती पनि स्वीकार गर्न सक्नुपर्छ । तव मात्र यस्ता घटना हुदैनन् । मानिस भनेको सरकारमा भएको पनि मानिस हो । सरकारमा नभएको पनि मानिस भनेर परिभाषित गर्न मिल्ने गरी यो लेख लेखिएको हो । मानिस बस्नको लागि कस्तो ठाउँ उपयुक्त छ । त्यसको परिकल्पना गरेर सवै कुराहरुको अध्ययन गरेर व्यवस्थित वसोबासको व्यवस्थापन गर्ने नीति सरकारमा रहेका मानिसहरुले बनाउनु पर्ने हो । त्यो कयौ वर्ष देखि बनाएनन् । अर्को सरकारले महाभूकम्प पछि एकीकृत वस्ती स्थापना गरेका ठाउँहरुमा मानिसलाई स्थान्तरण गराउन खोज्दा त्याहा मानिस बस्न गएनन् । त्यसैले पूर्व तयारी नगरी बसिरहेका अहिलेको नेपालीका वस्तीहरुमा जतिवेला पनि पैरो बाढी पस्ने सम्भावना बढी छ । झनै पछिल्लो समय राजमार्ग जाहा छ । त्यस आसपासमा मानिसहरु सर्ने क्रम जारी नै छ । यो विषयमा यतिवेला विज्ञको रुपमा सामाजिक सञ्जालमा छाउनेहरुले के हेरेर बसेका थिए । के गर्दै थिए । मानिसहरुलाई खोलाको किनारमा घर बनाउनु हुदैन भन्दा भन्दै त्यतै अटेर गरेर घर बनाउनेहरु र जहा बजार छ । त्यही थपिदै जाने मानिसहरु कहिल्यै सुध्रिएनन् । त्यसरी वस्ती बसाउने वेलामा सरकार पनि बोल्दैन । व्ययवस्थित वसोबासको विकास कहिले हुन्छ देशमा र यस्ता प्राकृतिक विपत्तमा कहिलेसम्म परिरहने हो नेपालीहरु ? सवैको ध्यान पुगोस् । आउदा दिनमा आपत्तकालीन विपत्त कसैलाई नपरोस भन्नका लागि सवै सचेत हुन जरुरी छ ।

# बाढीले बगायो बस्ती र संरचना, अब सरकारले बदल्नुपर्छ विपद् व्यवस्थापनको शैली



■ विनोद नेपाली

**गृह मन्त्रालयको विपद् पूर्वतयारी संरचनाले समेत विपद्सम्बन्धी सूचना संकलन, विश्लेषण र प्रवाहलाई आफ्नो जिम्मेवारी मानेको छ । विपद्पछिको राहत केही दिन वा केही महिनाका लागि हुन्छ । तर पीडित परिवारको जीवन पुनःनिर्माण गर्न वर्षौं लाग्न सक्छ । घर गुमाएका परिवारलाई घर चाहिन्छ । आयआर्जनको साधन गुमाएकालाई रोजगारी वा व्यवसाय पुनःस्थापनाको अवसर चाहिन्छ ।**

रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीले नेपाललाई फेरि एकपटक प्राकृतिक विपद्सँग जुध्ने आफ्नो तयारी, राज्य संयन्त्रको क्षमता र सार्वजनिक स्रोत व्यवस्थापनको कठोर परीक्षा दिएको छ । केही दिनमै सयौंको ज्यान गएको छ, हजारौं मानिस सम्पर्कविहीन बस्ती, सडक, पुल, जलविद्युत् आयोजना तथा सीमावर्ती व्यापारिक संरचना तहसनहस भएका छन् । खोज तथा उद्धारको काम अझै जारी छ ।पछिल्लो सार्वजनिक विवरणअनुसार बाढीमा परी ९०३ जनाको मृत्यु पुष्टि भएको छ भने ४ हजार २४७ जना अझै सम्पर्कविहीन छन् । बेपत्ताको सूचीमा स्थानीय बासिन्दादेखि जलविद्युत् आयोजनाका कर्मचारी, सुरक्षाकर्मी र विदेशी नागरिकसमेत छन् । नेपालमा बढ्दो विपद् जोखिम, कमजोर पूर्वतयारी, जोखिमयुक्त भूगोलमा भएको अनियोजित बसोबास तथा पूर्वाधार निर्माण र विपद्पछिको राहत तथा पुनर्निर्माण प्रणालीको सामर्थ्यबारे गम्भीर प्रश्न हो ।अब सरकारसामु दुईवटा काम एकैपटक छन्–पहिलो, बेपत्ताको खोजी, उद्धार, राहत र विस्थापितको पुनःस्थापनास दोस्रो, यही विपत्तिबाट सिकेर आगामी दिनमा यस्ता घटनाले फेरि यति ठूलो मानवीय क्षति नदिने प्रणाली निर्माण ।विपद्को पहिलो चरणमा सरकारको प्राथमिकता खोज तथा उद्धार हुनु स्वाभाविक हो । अहिले पनि प्रभावित क्षेत्रमा यही काम भइरहेको छ । कठिन भूगोल, अस्थिर जमिन, बाढीले थुपारेको लेदो र बालुवा तथा अवरुद्ध सडकका कारण उद्धार चुनौतीपूर्ण बनेको छ ।

कतिपय क्षेत्रमा हेलिकप्टरबाट समेत उद्धार गर्न कठिन भएको रिपोर्टहरू सार्वजनिक भएका छन् ।जलविद्युत् आयोजनाका सुरुङमा फसेका कामदारको उद्धारले त झन् नेपालको प्राविधिक उद्धार क्षमतामाथि प्रश्न उठाएको छ । पछिल्लो चरणमा चीन र भारतबाट समेत विशेषज्ञ तथा उद्धार उपकरणको सहयोग परिचालन भइरहेको छ । हजारौं विस्थापितलाई कहाँ राख्नेरु घर गुमाएका परिवारलाई कसरी पुनःस्थापित गर्नेरु क्षतिग्रस्त सडक, पुल, विद्युत् आयोजना र व्यापारिक नाका कसरी पुनर्निर्माण गर्नेरु बाढीको जोखिममा रहेका बस्तीलाई फेरि त्यही ठाउँमा बसाउने कि सुरक्षित स्थानमा स्थानान्तरण गर्नेविपत्तिपछि स्वदेश तथा विदेशबाट ठूलो रकम सहयोगको प्रतिबद्धता आएको छ । सरकारले पनि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमार्फत सहयोग आह्वान गरेको छ । तर राहत कोषमा पैसा जम्मा हुनु मात्रै होइन । त्यो पैसा कहाँबाट आयो, कति आयो, कहाँ खर्च भयो र कसले लाभ पाए भन्ने जानकारी नागरिकले सहजै पाउने व्यवस्था हुनुपर्छ ।सरकारले राहत रकमको पारदर्शिता कायम गर्न कम्तीमा चारवटा विषय सार्वजनिक गर्नुपर्छ ।पहिलो, कोषमा जम्मा भएको रकमको दैनिक वा साप्ताहिक विवरण सार्वजनिक गर्नुपर्छ । दाताको नाम, रकम र सहयोग प्राप्त भएको मिति खुलाउन सकिन्छ ।दोस्रो, रकम कुन जिल्लामा, कुन स्थानीय तहमा र कुन प्रयोजनमा पठाइयो भन्ने विवरण सार्वजनिक हुनुपर्छ ।तेस्रो, राहत पाउने परिवारको स्पष्ट मापदण्ड हुनुपर्छ । घर पूर्ण क्षति भएको, आंशिक क्षति भएको, परिवारका सदस्य गुमाएको, विस्थापित भएको तथा जीविकोपार्जनको साधन गुमाएको अवस्थाअनुसार फरक-फरक राहत प्याकेज निर्धारण गर्नू पर्छ ।चौथो, खर्चको स्वतन्त्र लेखापरीक्षण हुनुपर्छ । विपद्को नाममा उठेको रकममा पछि प्रश्न उठ्ने अवस्था नआओस् भन्नका लागि लेखापरीक्षण र सार्वजनिक प्रतिवेदन अनिवार्य गरिनुपर्छ ।प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष सञ्चालनसम्बन्धी नियमावली र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी कानुनी संरचना नेपालसँग पहिल्यै छन् ।

भोटेकोशी बाढीपछि विभिन्न देश, अन्तर्राष्ट्रिय संस्था, निजी क्षेत्र तथा गैरसरकारी संस्थाले आर्थिक तथा भौतिक सहयोगको घोषणा गरेका छन् । यस्तो सहयोग विपद्को समयमा महत्वपूर्ण हुन्छ । तर धेरै निकायले आ-आफ्नै ढंगले राहत वितरण गर्दा एउटै ठाउँमा धेरै सामग्री थुप्रिने र अर्को ठाउँमा आवश्यक वस्तु नपुग्ने जोखिम हुन्छ । कुन ठाउँमा टेन्ट चाहिन्छ, कहाँ खाद्यान्न आवश्यक छ, कहाँ औषधि चाहिन्छ, कहाँ पुल निर्माण गर्नुपर्छ र कहाँ उद्धार उपकरण आवश्यक छ–यसको डिजिटल अभिलेख बनाउनुपर्छ ।सरकारले राहत सामग्रीको आगमनदेखि वितरणसम्मको विवरण सार्वजनिक गर्नुपर्छ गृह मन्त्रालयअन्तर्गतको विपद् पूर्वतयारी तथा प्रतिकार्य संरचनाले पूर्वतयारी योजना, सूचना संकलन, विश्लेषण तथा प्रवाह, उद्धार सामग्रीको भण्डारण र सम्बन्धित निकायबीच समन्वयलाई आफ्नो प्रमुख जिम्मेवारीका रूपमा राखिनुपर्छ भोटेकोशीजस्ता जोखिमयुक्त नदी प्रणालीमा नियमित जोखिम नक्सांकन हुनुपर्छ ।

नदी किनारका बस्ती, जलविद्युत् आयोजना, सडक, पुल, होटल, गोदाम र अन्य संरचनाको जोखिम मूल्यांकन गर्नुपर्छ ।बाढीको सम्भावना देखिएपछि स्थानीय नागरिकको मोबाइलमा तत्काल चेतावनी पुग्ने प्रणाली विकास गर्नुपर्छ । साइरन, एसएमएस, रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल र स्थानीय माइकिङलाई एउटै सूचना प्रणालीमा जोड्न यस्ता उपकरणलाई प्रथामिकता दिनुपर्छ । बाढीले पूर्ण रूपमा क्षति पुऱ्याएको ठाउँमा पुरानै संरचना पुनर्निर्माण गर्नु समाधान होइन । जोखिमयुक्त क्षेत्रमा सडक बनाउने, घर बनाउने वा जलविद्युत् आयोजना विस्तार गर्ने निर्णय गर्नुअघि भूगर्भ, नदीको बहाव, पहिरो र बाढीको जोखिम मूल्यांकन अनिवार्य गर्नुपर्छ ।सरकारले जोखिमयुक्त बस्तीको सूची तयार गर्नुपर्छ । अत्यधिक जोखिममा रहेका बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्छ । तर स्थानान्तरण केवल घर सार्ने कार्यक्रम हुनु हुँदैन । नयाँ स्थानमा विद्यालय, स्वास्थ्य चौकी, खानेपानी, सडक, विद्युत्, इन्टरनेट, रोजगारी तथा बजारको पहुँच सुनिश्चित गर्नुपर्छ । अन्यथा मानिसहरू केही वर्षपछि फेरि पुरानै जोखिमयुक्त स्थानमा फर्किन बाध्य हुनेछन् । भोटेकोशी-त्रिशूली क्षेत्रमा जलविद्युत् आयोजनामा भएको क्षतिले अर्को महत्वपूर्ण प्रश्न उठाएको छ–नेपालले जलविद्युत् आयोजना निर्माण गर्दा विपद् जोखिमलाई पर्याप्त रूपमा समेटेको छ कि छैन सुरुङ, बाँध, पावरहाउस, स्विचयार्ड, सबस्टेसन तथा पहुँचमार्गको डिजाइनमा बाढी, पहिरो र आकस्मिक नदी बहावको जोखिमलाई अझ कडाइका साथ समेटिनुपर्छ । विशेषगरी सुरुङमा काम गर्ने मजदुरका लागि आपत्कालीन निकास, सञ्चार प्रणाली, अक्सिजन, उद्धार उपकरण, वैकल्पिक मार्ग र नियमित उद्धार अभ्यास अनिवार्य गरिनुपर्छ ।आयोजनाले कागजमा मात्र आपत्कालीन योजना राखेर पुग्दैन । वर्षमा कम्तीमा एकपटक वास्तविक अवस्थाको अनुकरण गरेर उद्धार अभ्यास गर्नुपर्ने व्यवस्था गर्न सकिन्छ ।त्यसैले सरकारले एउटा मात्र आधिकारिक सूचना केन्द्र बनाएर नियमित रूपमा तथ्यांक अद्यावधिक गर्नुपर्छ । मृत्यु, बेपत्ता, उद्धार, राहत, सडकको अवस्था, विद्युत्, पुल, मौसम र जोखिमबारे एउटै स्रोतबाट सूचना आउनुपर्छ । बेपत्ताको संख्या पटक-पटक परिवर्तन हुँदा नागरिकमा अन्योल उत्पन्न हुन्छ । त्यसैले सरकारले 'प्रारम्भिक', 'प्रमाणित' र 'अद्यावधिक' तथ्यांक छुट्याएर सार्वजनिक गर्नुपर्छ । सामाजिक सञ्जालमा अपुष्ट फोटो, भिडियो र बेपत्ताको नाम फैलाउँदा पीडित परिवारमा थप मानसिक पीडा पुग्न सक्छ । त्यसैले सञ्चारमाध्यम र नागरिकले आधिकारिक स्रोतबाट पुष्टि भएको सूचना मात्र सम्प्रेषण गर्नुपर्छ ।

गृह मन्त्रालयको विपद् पूर्वतयारी संरचनाले समेत विपद्सम्बन्धी सूचना संकलन, विश्लेषण र प्रवाहलाई आफ्नो जिम्मेवारी मानेको छ । विपद्पछिको राहत केही दिन वा केही महिनाका लागि हुन्छ । तर पीडित परिवारको जीवन पुनःनिर्माण गर्न वर्षौं लाग्न सक्छ । घर गुमाएका परिवारलाई घर चाहिन्छ । आयआर्जनको साधन गुमाएकालाई रोजगारी वा व्यवसाय पुनःस्थापनाको अवसर चाहिन्छ । बालबालिकाको शिक्षा रोकिएमा त्यसको निरन्तरता सुनिश्चित गर्नुपर्छ । परिवारका मुख्य सदस्य गुमाएका परिवारलाई दीर्घकालीन सामाजिक सुरक्षा आवश्यक पर्छ । त्यसैले राहतलाई केवल चामल, दाल, टेन्ट र नगद वितरणमा सीमित गर्नु हुँदैन । राहतबाट पुनःस्थापना र पुनर्निर्माणतर्फ स्पष्ट योजना आवश्यक छ । भोटेकोशी-त्रिशूली बाढीबाट भएको क्षति पुनर्निर्माणका लागि ठूलो वित्तीय स्रोत आवश्यक पर्ने देखिएको छ । सरकारले अन्तर्राष्ट्रिय दाता तथा साझेदारसँग सहयोग परिचालन गर्ने तयारी गरिरहेको छ ।तर दाता सम्मेलन आयोजना भएमा पनि नेपालले पहिले आफ्नो आवश्यकता स्पष्ट गर्नुपर्छ । कुन क्षेत्रमा कति रकम चाहिन्छ भन्ने तथ्यांकबिना सम्मेलन गर्नु केवल सहयोग माग्ने औपचारिकता बन्न सक्छ । त्यसका लागि विपद्पछिको आवश्यकता मूल्यांकन (पीडीएनए) वैज्ञानिक ढंगले गर्नुपर्छ । क्षति मात्र होइन, पुनर्निर्माणको लागत, प्राथमिकता, समयसीमा र कार्यान्वयन संयन्त्रसमेत त्यसमा समेटिनुपर्छ । त्यसपछि मात्रै निकायबाट प्राप्त रकमलाई सडक, पुल, ऊर्जा, आवास, स्वास्थ्य, शिक्षा, कृषि र स्थानीय अर्थतन्त्र पुनःस्थापनामा प्राथमिकताका आधारमा परिचालन गर्न सकिन्छ । भोटेकोशीको बाढीले नेपाललाई ठूलो मानवीय र आर्थिक क्षति पुर्‍याको छ । नेपालमा भूकम्प, बाढी, पहिरो, हिमताल विस्फोट, डुबान र अन्य प्राकृतिक विपद्को जोखिम छ । विपद् रोक्न नसकिए पनि त्यसबाट हुने क्षति भने घटाउन सकिन्छ ।त्यसका लागि तीन तहमा परिवर्तन आवश्यक छ–पूर्वतयारी, तत्काल प्रतिकार्य र दीर्घकालीन पुनर्निर्माण । पूर्वतयारीमा जोखिम नक्सांकन, पूर्वसूचना, उद्धार उपकरण, सुरक्षित बस्ती र नियमित अभ्यास हुनुपर्छ । प्रतिकार्यमा एकीकृत कमान्ड, दक्ष जनशक्ति, आधुनिक उद्धार उपकरण र विश्वसनीय सूचना प्रणाली आवश्यक छ । पुनर्निर्माणमा सुरक्षित स्थान, बलियो पूर्वाधार, पारदर्शी वित्तीय प्रणाली र पीडितको दीर्घकालीन पुनःस्थापना केन्द्रमा हुनुपर्छ ।अहिलेको विपत्ति पीडितका लागि दुःख र पीडा हो । राज्यका लागि भने यो आफ्नो प्रणाली सुधार्ने अन्तिम चेतावनी बन्नुपर्छ । राहतमा आएको प्रत्येक रुपैयाँको हिसाब दिनु, विदेशी सहयोगको प्रत्येक सामग्रीको उपयोग देखाउनु, प्रत्येक बेपत्ताको खोजी गर्नु र जोखिममा रहेका प्रत्येक नागरिकलाई सुरक्षित भविष्य दिनु–यही अहिले सरकारको सबैभन्दा ठूलो जिम्मेवारी हो ।

भोटेकोशीको बाढीलाई केवल एउटा प्राकृतिक विपत्तिका रूपमा बिर्सनु हुँदैन । यसलाई नेपालले विपद् व्यवस्थापनमा नयाँ प्रणाली निर्माण गर्ने मोडबिन्दु बनाउनुपर्छ । सरकारी विपद् व्यवस्थापन संरचना र राहत कोषसम्बन्धी उपलब्ध आधिकारिक स्रोतलाई समेत आधार बनाईनु पर्छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले भोटेकोशी बाढीपछि आधिकारिक राहत कोषमार्फत स्वदेश तथा विदेशबाट सहयोग आह्वान गरेको छ । साथै, अहिलेको उद्धार अवस्थाको गम्भीरता पुष्टि गर्ने पछिल्ला रिपोर्टहरूमा पनि ९०३ मृत्यु र ४,२४७ सम्पर्कविहीनको नेपाली सरकारी तथ्यांकमा उल्लेख छ ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# सनातन हिन्दु, किरात सहितको राजसंस्था सम्भव छ



निराजन बम
केन्द्रिय सदस्य, जय नेपाल पार्टी

**नमस्कार दर्शकवृन्द, आज हामी राजनीतिक संवादमा छौँ। यतिबेला जय नेपाल पार्टीका संस्थापक केन्द्रीय सदस्य तथा पूर्व राप्रपाका युवा संघका केन्द्रीय केन्द्रीय सचिवको रुपमा समेत काम गरिसक्नु भएका निराजन बम लाई हाम्रो स्टुडियोमा निम्त्याएका छौँ।**

**यहाँलाई जनआकाश मिडियामा स्वागत छ**

धन्यवाद नमस्कार।

**नमस्कार सर । अहिले के गर्दै हुनुहुन्छ ?**

जय नेपाल पार्टी भरखरै खोलेका छौ ।

**यो राप्रपाबाट पार्टी अलग गरेर जय नेपाल पार्टी खोल्नुको कारण चाहिँ के हो बताइदिनुहोस् न । ?**

अब सबैभन्दा पहिला तपाईंको मिडिया मार्फत सबै देशवासीलाई म अभिवादन व्यक्त गर्न चाहन्छु ।

अहिले हामी एउटा नेपालमा नयाँ राष्ट्रवादी वैकल्पिक पार्टी प्रजातान्त्रिक पार्टी या डेमोक्रेटिक पार्टी डाक्टर धवल शमशेर राणाको सभापतित्वमा निर्वाचन आयोग मा हामीले दर्ता गरेका छौं ।

र यो पार्टी निर्माण को नयाँ प्रक्रिया जुन सुरु भयो जहाँ हामीले विगतमा लामो समय राष्ट्रिय प्रजातन्त्र र आफ्नो जीवनलाई समर्पित गरेर मुलुक र पार्टीको लागि र पार्टीले बोकेका एजेन्डाका लागि हामीले रगत पसिना बगाउन बाध्य भएका थियौं । र यो घडी सम्म आइपुग्दा खेरि राष्ट्रिय प्रजातन्त्र पार्टीले र हामीले बोकेका विचारहरु जहाँ देशको मूल्य मान्यता हिन्दु राष्ट्र राजसंस्था का कुराहरु थियो ।

बिस्तारै यो मुद्दा माथि एउटा डडेलो लाग्ने सम्भावना हामीले देख्यौं र पार्टीका हरेक नेतृत्व तहबाट नेतृत्व तहबाट जनतालाई विश्वास दिन सक्ने र पार्टीमा लागेका मेची देखि महाकाली सम्म लागेका युवाहरु र पार्टीका कार्यकर्ताहरु लाई कहिले पनि संरक्षण रुपमा हेर्ने दृष्टिकोण बनेन ।

अहिले पनि हामीले विचार गर्यौं भने ठूलठूला पार्टीका कार्यकर्ताहरु लड्न भिड्न र त्यो खालको मजबुत कार्यकर्ताहरु पार्टीले बनाउने र राष्ट्रिय प्रजातन्त्र पार्टीमा बसेका कोही हुम्ला, जुम्ला, कालिकोट जस्ता दुर्गम ठाउँमा अन्य पोलिटिकल पार्टीसँग लडाई लडेर बसेका कार्यकर्ताहरुको राजनीतिक रुपमा संरक्षण छैन ।

त्यसकारणले पहिला सुरुमा यो पार्टी अहिले नेतृत्व गरेको राष्ट्रिय प्रजातन्त्र पार्टी जहाँ छ मलाई के लाग्छ भने यो एजेन्डामै जनताले विश्वास नगरेर अस्तिको निर्वाचनलाई पनि तपाईंले हेर्नँहुन्छ । जहाँ दुई महिना अगाडि चुनावको दुई महिना अगाडि पार्टी खोलेको हर्क साम्पाङको पार्टी श्रम स्वीकृतिले राप्रपा भन्दा ठुलो भयो । जहाँ राप्रपा भनेको दुई दुई वटा प्रधानमन्त्री जन्माएको पार्टी उपप्रधानमन्त्री सांसद सबै जितेको पार्टी हो ।

तर त्यो पार्टी अहिले यस्तो राजसंस्थाको मुद्दा बोकेको हिन्दू राष्ट्रको मुद्दा बोकेको पार्टी भ्रष्टाचारको अन्त्य गर्नँपर्छ भनेर हामी कैयौ सडक आन्दोलन गरेर आएका मान्छेहरु आज यो बीचमा, जनताको रिजल्टलाई हामीले किन प्राप्त गर्न सकेनौ भन्ने यो पहिलो प्रश्न थियो । त्यो भएको हुँदाखेरि अझ हामीले जनतालाई यो परिस्थितिमा आउँदासम्म हामीले मुलुक र जनताको एउटा विश्वासको मत हामीले जित्न सकेनौं ।

र धेरै पार्टीको जनमत खुन्चिदै गएको अवस्थामा र यो एजेन्डा बाट हामीले अब एजेन्डा विस्थापित हुनुपर्ने अवस्था आएकोले अहिले हामीले नयाँ पार्टी खोल्न पुगेको हो । नयाँ पार्टी आम जनताको लागि आम राष्ट्रवादीको लागि र मुलुकको राजसंस्था र हिन्दु राष्ट्रको लागि अत्यन्तै परिपक्व विश्वसनीय एउटा राष्ट्रवादी पार्टी बनेको छ ।

**मुलुकको एउटा राष्ट्र अहिले राप्रपा नेपालले हिन्दु राष्ट्र राजसंस्था जुन सनातनी हिन्दु राष्ट्र भनेर चै जुन भन्दै आउनुभएको छ र गणतन्त्रलाई चै यहााहरुले अस्वीकार गर्दै आउनुभएको छ विगत देखि तर राप्रपाले हिजोको दिनमा चुनाव पनि भाग लियो सरकार पनि भाग लिएको छ अनि त्यस पछाडी अहिले प्रदेशहरुमा पनि सरकार ढलाउने गिराउने बनाउने कुरामा पनि भाग लिएको छ त्यो सन्दर्भमा फेरी तपाईहरुले चै जय नेपाल पार्टी खोल्नुभा छ अब त्यहाँ कता-कता त्यो भागबण्डा नमिलेर हो कि अथवा के हो यो भन्दिनुस न ?**

यो राष्ट्रिय प्रजातन्त्र पार्टीबाट हामी अलग भएको कुनै भागबण्डा नमिलेर होइन । अघि पनि मैले प्रश्न अघि पनि यो यसको मैले जवाफ दिएको छु तर अझ बाँकी रहेको कुरा म तपाईलाई भन्न चाहन्छु ।

जस्तो जो अहिले हामीले यो संघीयता खारेज गर्नँपर्छ भन्यौं, गणतन्त्र हामी मान्दैनौं भन्यौं हैन, राजसंस्थालाई पुनर्स्थापित गर्नँपर्छ, राष्ट्रपति ठाउँमा राजालाई राख्नुपर्छ, नेपाललाई सनातन हिन्दु राष्ट्रलाई पुनर्स्थापित गर्नँपर्छ भन्ने जुन आन्दोलन गर्यौं हामीले जुन हाम्रो मुद्दा थियो त्यो मुद्दामा हामी अडिक भएर अगाडि हामी बढ्न सक्यौं या सकेनौं आम जनतालाई थाहा छ तर जसरी चाहिँ जुन खालको अस्ति तपाईंलाई एउटा कुरा भन्दा खेरि अहिले जुन अहिले प्रदेशको कुरा आइराख्या छ प्रदेशमा राष्ट्रिय प्रजातन्त्र पार्टीले संघीयताको विरोध चाहिँ गरिराख्या छ तर के छ भन्नुहुन्छ भने अब अहिले जसरी हामीले बागमती प्रदेशमा कारबाहीको कारबाही भोगिराख्नु भा छ स्पष्टिकरण सोधिराख्या छन् मन्त्रीहरुलाई उद्धव थापालाई नै कारबाही नै गरिसक्यो अवस्थाहरू देखिन्छ । तर मेरो प्रश्न के हो भन्नुहुन्छ भने जनताले त बुझेका छन् अहिले को २१ औं शताब्दी मा सबैले बुझेका छन् । त्यो भएको हुदा खेरि अब तपाई कोशी प्रदेश मा संघीयता खारेज गर्ने कोशी प्रदेशमा सभामुख खाइरहने, लुम्बिनी प्रदेशमा उपसभामुख खाइरहने र गण्डकी प्रदेशमा चाही दिएको समर्थन फिर्ता नलिने । भनेपछि यो चाही के छ भने एउटा कुनै नेतृत्वले एउटा चाही कानुनी कारबाहीको प्रक्रिया होस् एउटा ल बागमती र लुम्बिनीमा फरक हुने कुरा हैन नि त । बागमती र कोशीमा फरक हुने ।

यदि राष्ट्रिय प्रजातन्त्र पार्टी संघीयताको विरोध गर्छ भने तपाईको चाही सभामुख तुरुन्त हटाउनु पर्‍यो ।

उपसभामुख नि खाने गण्डकी प्रदेशमा के छ भने तपाईंको समर्थन फिर्ता नलिने र यो तरिकाले गर्दाखेरि के छ भने जनताले बुझेका छन् कि राष्ट्रिय प्रजातन्त्र पार्टी आफ्नो सैद्धान्तिक एजेन्डामा र मुलुक र जनताको चाहिँ भाग्य र भविष्य निर्माण गर्ने क्रममा चाहिँ नेतृत्व स्पष्ट रुपमा छैन भन्ने बुझिन्छ ।

र त्यसकारणले तपाईले भन्न म चाहन्छु यही कारणले गर्दाखेरि हामीलाई जनताले राष्ट्रिय प्रजातन्त्र पार्टी भनेको देखाउने दात एउटा चपाउने दात अर्को भनेर जनताले एउटा व्याख्या विश्लेषण गरिराखेको अवस्थामा हामी जनताबाट तिरस्कृत भएको अवस्था हो । हामी जनताबाट पुरस्कृत होइन । हामी भएनौ । तपाईले मुलुकभरि १६५ वटा निर्वाचन क्षेत्रमा एउटा निर्वाचन सिट मात्र हामीले जित्न पुगेका छौ ।

हिन्दु राष्ट्र संस्थाको, भ्रष्टाचारको विरुद्धमा आन्दोलन गर्ने गर्ने पार्टी आज तपाईको ३ लाख भोट काटाउन नसक्ने अवस्थामा पुग्यो । यो परिस्थितिबाट मुलुकमा राजसंस्था र हिन्दु राष्ट्र प्रबन्ध स्थापना हुन सक्छ या सक्दैनन् भनेर आम जनताले बुझेका छन् ।

त्यसकारणले हामीले जनतालाई विश्वास दिलाउन सक्ने जनताको लागि राष्ट्रवादी आन्दोलनको प्रतिनिधित्व गर्न सक्ने पार्टी र मुलुकको एजेन्डा बोक्ने पार्टी र आम हिन्दुवादीहरु राजसंस्थावादीहरु राष्ट्रवादीहरु आउन सक्ने त्यो पार्टीको रुपमा जय नेपाल पार्टी देशमा उदय भएको छ । यो पार्टीलाई आम जनताहरुले अन्य पोलिटिकल पार्टीमा रहेका मान्छेहरुले पनि यो पार्टीको स्वागत र एक्यबद्धता गरेका छन् । धर्मनिरपेक्ष राष्ट्र हुनेछ भनेर संविधानले लेखि सक्यो ।

**अब पनि के यो सनातन हिन्दु धर्म अथवा राजसंस्था सम्भव छ त कसरी त्यो आधार बताइदिनु न ?**

हिन्दु राष्ट्रको राजसंस्थाको विषयमा कुरा गर्दा खेरि यो जनताले फालेको होइन यिनीहरु यो हिन्दु राष्ट्र राजसंस्था यो मुलुकका जनताले फालेको होइन यो विदेशीको इशारामा २०६२/६३ को जनआन्दोलन पछाडी २०६५ जेठ १५ गते आइपुग्दा सम्म यो मुलुकमा औपचारिक ढंगबाट हिन्दु राष्ट्र र सनातन हिन्दु राष्ट्र र राजसंस्थालाई हटाउने काम भयो । र जो आज ति हिन्दु राष्ट्र राजसंस्थालाई हटाउन जो अभिभावकत्व निर्माण गरेका नेपालका ठुला राजनीतिक दलका नेताहरु तपाईलाई स्मरण छ कि केहि दिन अगाडी नेपाली कांग्रेसका पूर्व सभापति इतर पक्षका नेता शेरबहादुर देउवा पाच महिना पछि स्वदेश फर्किदै गर्दाखेरी पहिलो सम्बोधनमा उहाँले भन्नुभयो । म हिन्दु म हिन्दु म हिन्दु भनेर उहाँले के गर्नँभयो भने आफूलाई स्पष्टीकरण दिनुभयो । आफू हिन्दु भएको प्रमाणित गर्नँभयो ।

हामीले उहाँलाई मुस्लिम भनेका थिएनौ । कोही जनताले उहाँलाई क्रिश्चियन भनेको थिएन । कोही जनताले उहाँलाई कुनै धार्मिक को अर्को मान्छे भनेको थिएन । तर उहाँ हिन्दु नै हो किनभने उहाँको पार्टीको विधानमा हिन्दु छैन । हिन्दु राष्ट्र छैन । उहाँले संसदमा हिन्दु राष्ट्र भनेको पक्षमा बोल्नु हुन्थेन । तर उहाँ चाहिँ हिन्दु संस्कार रीतिरिवाज अनुसार नै मूल्य मान्यता परम्परा अनुसार नै किनभने तपाईं दशैंको टिकाको कुरा गर्नँस्, भाइटीकाको कुरा गर्नँस्, हरेक दशैंका चाहिँ रीति रिवाजमा उहाँले त्यो कार्यक्रमहरु गर्नुहुन्थ्यो ।

अहिले तपाईं हाम्रो विषय उहाँ मात्र होइन, गगन थापालाई म भन्न चाहन्छु कि चाँडो भन्दा चाँडो हिन्दु राष्ट्रको पक्षमा चाँडो भन्दा चाँडो राष्ट्रिय सत्ताको पक्षमा प्रचण्डलाई भन्न चाहन्छु, म केपी ओलीलाई भन्न चाहन्छु, झलनाथ खनाल, माधव नेपाल यी सब विदेशीको इशारामा चल्नेहरु जसले हिजो मुलुकमा हिन्दु राष्ट्रहरु फाल्नको लागि एउटा अग्रस्थानमा भूमिका निर्माण गरे ।

ति व्यक्तिहरुलाई चाँडो भन्दा चाँडो आँखा खोलेर मुलुकको पहिचान बचाउन लागि देश बचाउनको लागि मुलुकको राष्ट्रियता बचाउनको लागि अब तपाईहरु चाँडो भन्दा चाँडो विगतलाई तपाईका गलत कमिकमजोरीलाई तपाईले ँ सुक्ष्म विश्लेषण गरेर मुलुकमा सनातन हिन्दु राष्ट्र बुद्ध किरात र हिन्दु सहितको सनातन हिन्दु राष्ट्र र राजसंस्थालाई पुनर्स्थापित गर्नका निमित्त तपाईहरु पनि एकजुट हुनुस् भन्ने आह्वान म गर्न चाहन्छु ।

होइन भने अहिले तपाईहरुले हिजो जसरी फाल्नुभयो आज प्रमाणित भयो हिन्दु राष्ट्र आवश्यक छ भने त्यो नेपाली कांग्रेसमा हेर्नुस् ।

हिजो तपाईंको शंकर भण्डारी राष्ट्रिय हिन्दु राष्ट्रको पक्षमा पोखरा कास्कीमा हिन्दु सनातनी मान्छेहरुसँग र विद्वान व्यक्तिहरु त्यहाँका विशेषज्ञहरुसँग राजसंस्था पक्षधरहरु र उहाँहरुसँग बसेर छलफल गरिरहनु भएको छ । देशभरि छलफल गर्नँभएको छ ।

उहाँहरु कांग्रेस भित्र छलफल गर्नँभएको छ भने तपाईंले अहिले पनि हामी के भन्छौं भने हिन्दु राष्ट्रको पक्षमा यो आवश्यक छ । हिजो जनताले फालेको होइन । कुनै अल्पमत र बहुमतबाट फालेको होइन । राजाले नै पुनःस्थापित गरेको संसद जंगलमा रहेको माओवादी, आन्दोलनमा रहेको सात दल कांग्रेस लगायत सबै जनताको मागलाई राजाले बुझेर राजाले पुनःस्थापित गर्दिएको संसदको पहिलो बैठकमा राजा फाल्ने निर्णय यिनीहरुले गरे र सनातन हिन्दु राष्ट्र फाल्ने निर्णय यिनीहरुले गरे र राजालाई फालिसकेपछि के गरे भने राजाले पुष्टि गरेको संसदमै राजालाई फालेर पछि १९ दिने जनआन्दोलनमा हेर्नँस् तपाईको मधेस आन्दोलनमा हेर्नँस् या १० वर्षीय द्वन्द त्यो त हिंसात्मक आन्दोलनमा हेर्नँस् मुलुकमा काहिँ हिन्दु राष्ट्र फाल्नु पर्ने आन्दोलन थिएन ।

त्यसो भएको हुँदा यी विदेशीको इशारामा चलेर नेपालको अस्मितालाई जसरी मेटाउने काम भएको छ । अहिले उहाँहरुले आँखा खोलिराख्या छन् । शेरबहादुर देउवालाई खोलिराख्या छ । अरुले पनि आँखा खोलेर मुलुकमा सनातन इन्द्र राज सुख निष्ठा गर्नँपर्छ भन्ने जनताको माग हो । यो कुनै शेरबहादुर देउवाको केपी ओलीलाई म अहिले पनि भन्न चाहन्छु । नेपाली जनताले अवश्यक ठानेको नेपालको राष्ट्रियताले मुलुकले चाहेको कुरा बोल्नु पर्यो । जनताले चाहेको कुरा बोल्नु पर्‍यो । त्यसकारणले यो कुरामा आवाज उठाएका छौं ।

**यसमा मैले तपाईले शेरबहादुरको कुरा उठाउनुभयो । पूर्व प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति बिपीले २०३३ सालमा राष्ट्रिय मेलमिलापको एउटा कार्यक्रम लिएर आउनुभएको थियो । के देशले अहिले त्यो अवस्थामा नै देशले आवश्यकता महसुस गरेको जस्तो लाग्छ कि लाग्दैन तपाईलाई ?**

त्यो देशमा देशमा आवश्यकता हो । पक्कै पनि छ ।नेपाली कांग्रेसका नेताले बोलिसकेपछि नेताले नबोल्दा सम्म चाहिँ तलका कार्यकर्ताले पनि केहि पनि बोल्दैनन् यो आवश्यकता होइन है भन्ने तर शेरबहादुर देउवाले अस्ति त्यो हिन्दु हिन्दु भनेर बोल्दा बित्तिकै कांग्रेसका थुप्रै कार्यकर्ताले मिडियामा भन्न थालिसके । तीन महिना भित्र नेपालमा सनातन हिन्दु राष्ट्र हुन्छ । तीन महिना भित्र भनेर अहिले अन्तरवार्ता दिन थालिसकेका छन् ।

त्यसकारणले मैले के भन्छु भने शेरबहादुर देउबाले हिन्दु राष्ट्र चाहिन्छ भनेर जुन बोल्नुभयो त्यो चाहिँ निर्णय होस् भन्न चाहन्छु म ।

तर जुन बिपीको एउटा मेलमिलाप एकताको जुन सन्देश बिपीले दिनुभएको थियो । नेपाली कांग्रेसले त्यो बेचेर खाइसकेको । नेपाली कांग्रेसले बिपीको सिद्धान्त नै छैन नेपाली कांग्रेससँग । नेपाली कांग्रेससँग एउटा छ चारतारे झण्डा छ । रूख चुनाव चिन्ह बाहेक अरु केही पनि छैन ।

**नेपालमा राप्रपाले अथवा अहिले जय नेपाल पार्टीले जुन ओमकार परिवार मात्रै झन्डै ९० प्रतिशत भन्दा माथि छ भनेर दाबी गर्न' भा छ तपाईहरुले त्यो कति एक्ज्याक्ट छ त्यो आइ डन्ट नो मलाई त थाहा भएन हैन त्यो तपाईहरुको डाटा अनि त्यत्रो ९० प्रतिशत भन्दा माथि ओमकार छ अनि हिन्दु ८५% भन्दा माथि छ तर नेपालमा तपाईहरुले चाही त्यो मुद्दा लिएर चुनावमा नि जा जानु हुन्छ पटक-पटक ।**

**अनि जनताले भोट चाहि त्यो जुन छ नि ५% पनि २% पनि पुग्दैन । भन्नुको अर्थ के छ भने वास्तवमा तपाईले दावी गरेको मान्छे नै हिन्दु होइनन् कि भएर पनि त्यो के छ भने व्यवहारमा लागु नभए के भएको यो ? अलि कन्फ्युजन भयो के मलाई ?**

यो कुरा एकदम ठिक कुरा हो । यो जनताले नपताएको होइन । राप्रपालाई जनताले नपताएको हो । तपाईले कमल थापाले २५ सिट सबैभन्दा बढी समानुपातिक भोट त काठमाडौँबाट दिएकै हुन् ।

हिन्दु राष्ट्र र राष्ट्रियताको पक्षमा २५ सिट र पछि उहाँको केही सरकारमा प्रतिनिधित्व गर्ने क्रममा उहाँलाई विभिन्न आरोप लगाए । धर्म बेचेर खाने, गाई बेचेर खायो भने दुनियाँदार भने । नत्र एक भोट दाईलाई एक भोट गाईलाई त जनताले भनेकै हो नि ।

दिएकै हो केही कुराहरुले गर्दा खेरि जनताले आरोप लगाउने काम भयो । त्यही राष्ट्रिय प्रजातन्त्र पार्टी त्यतिखेर नेपाल भित्रबाटै त्यतिखेर तत्कालीन महामन्त्रीको टिम नै कमल थापाले सकाउन लागे जनताले नदिएको होइन अहिले सनातन हिन्दु राष्ट्र र राजसंस्था प्रति जनताहरु मुलुकको एजेन्डा हो नि त्यो कुनै पार्टीको एजेन्डा हो र मुलुकको एजेन्डा हो मुलुक बनाउने एजेन्डा हो त्यो भएर कुनै पार्टीको एजेन्डा होइन र त्यस कारणले ओमकार परिवारले विश्वासिलो वातावरण नपाएर त्यस्तो भएको हो । अव सवैले सनातन हिन्दु राष्ट्र र राजसस्थाको पक्ष्मा जनमत दिनुहुनेछ ।

**उक्त अर्न्तवार्ता भदौ ८ गते लिएको हो ।**

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१९, अंक- ६,
२०८३ साल भदौ १६ गते मंगलबार
1 SEPTEMBER 2026, TUESDAY

# भोटेकोशी–त्रिशूली बाढीपछि दाता सम्मेलनको तयारी, ७ खर्ब क्षतिको प्रारम्भिक अनुमान

काठमाडौं । सरकारले भोटेकोशी-त्रिशूली बाढीबाट भएको क्षतिपछि पुनर्निर्माणका लागि अन्तर ाष्ट्रिय दाता सम्मेलन आयोजना गर्ने विषयमा प्रारम्भिक छलफल थालेको छ। अर्थ मन्त्रालय र परराष्ट्र मन्त्रालयले दाता सम्मेलन आयोजना गर्ने सम्भावनाबारे प्रारम्भिक तहमा छलफल अघि बढाएका हुन् ।



सरकारको प्रारम्भिक अनुमानअनुसार बाढीबाट करिब ७ खर्ब रुपैयाँ बराबरको भौतिक क्षति भएको छ । बाढीले नेपाल र चीनबीचको प्रमुख व्यापारिक मार्गमा ठूलो क्षति पुऱ्याउनुका साथै रसुवागढी नाकामा निर्माणाधीन भन्सार कार्यालय, अध्यागमन कार्यालय र भन्सार यार्डलगायतका संरचना पूर्ण रूपमा बगाएको छ । नाकासम्म पुग्ने सडकसमेत क्षतिग्रस्त भएकाले आवागमन ठप्प भएको छ। त्रिशूली नदी आसपासका जलविद्युत् आयोजनामा पनि बाढीले व्यापक क्षति पुऱ्याएको छ। रसुवामा रहेका माथिल्लो त्रिशूली-१ (२१६ मेगावाट), रसुवागढी (१११ मेगावाट), लाङटाङ खोला (३० मेगावाट), चिलिमे (२२ मेगावाट), मैलुङ खोला (५ मेगावाट) र रसुवा-भोटेकोशी (१२० मेगावाट) आयोजनाहरू प्रभावित भएका छन् ।

त्यस्तै, नुवाकोटमा रहेका माथिल्लो त्रिशूली-३ 'बी' (३७ मेगावाट), माथिल्लो त्रिशूली-३ 'ए' (६० मेगावाट), मिडल त्रिशूली गंगा (१९.६ मेगावाट), त्रिशूली (२४ मेगावाट) र देवीघाट (१४.९ मेगावाट) आयोजनामा पनि बाढीले क्षति पुऱ्याएको छ । जलविद्युत् क्षेत्रमा मात्रै एक खर्ब रुपैयाँभन्दा बढीको क्षति भएको प्रारम्भिक अनुमान छ। बाढीका कारण करिब ४३० मेगावाट विद्युत् उत्पादन पूर्ण रूपमा ठप्प भएको छ भने त्रिशूली-३ 'बी' सबस्टेसनमा समेत ठूलो क्षति पुगेको छ।

सर्वसाधारणको लगानी रहेका होटल तथा अन्य व्यवसायमा समेत ठूलो क्षति पुगेको छ। बाढी र पहिरोका कारण हजारौं घर पुरिएका तथा विस्थापित भएका छन् । शनिबार परराष्ट्र मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा परराष्ट्रमन्त्री शिशिर खनालले दाता सम्मेलन आयोजना गर्ने विषयमा अर्थ र परराष्ट्र मन्त्रालयबीच गहन छलफल भइरहेको जानकारी दिए । "परराष्ट्र र अर्थमन्त्रीस्तरमा गहन छलफल भएको छ," खनालले भने, "दाता सम्मेलन सम्भव हुनसक्नेबारे हामीले छलफल गरिरहेका छौं । तर यो विषय एकदमै सुरुआती चरणमा छ ।" यसअघि २०७२ सालको विनाशकारी भूकम्पपछि पनि नेपालले अन्तर्राष्ट्रिय दाता सम्मेलन आयोजना गरेको थियो । २०७२ वैशाख १२ गते भूकम्प गएको करिब दुई महिनापछि असार १० गते 'नेपालको पुनर्निर्माणका लागि अन्तर्राष्ट्रिय सम्मेलन' आयोजना गरिएको थियो ।

उक्त सम्मेलनमा तत्कालीन भारतीय विदेशमन्त्री सुष्मा स्वराजले दुई वर्षका लागि १ खर्ब भारतीय रुपैयाँ सहयोग घोषणा गरेकी थिइन् । घोषित रकममध्ये ४० प्रतिशत अनुदान र बाँकी सहुलियतपूर्ण ऋण हुने जनाइएको थियो । चीनले पनि दुई वर्षभित्र उपलब्ध गराउने गरी ६५ अर्ब नेपाली रुपैयाँ सहयोग घोषणा गरेको थियो। तत्कालीन चिनियाँ विदेशमन्त्री वाङ यीले उक्त सहयोगको घोषणा गरेका थिए ।

त्यस्तै, जापानले २६ अर्ब, अमेरिकाले १५ अर्ब, एसियाली विकास बैंकले ६० अर्ब र युरोपियन युनियनले ११ अर्ब रुपैयाँ सहयोग घोषणा गरेका थिए ।

सामान्यतया अन्तर्राष्ट्रिय दाता सम्मेलनअघि 'पोस्ट डिजास्टर निड्स एसेसमेन्ट' (पीडीएनए) अर्थात् विपद्पछिको आवश्यकता मूल्यांकन गरिन्छ । क्षतिको विस्तृत अध्ययन र पुनर्निर्माणका लागि आवश्यक स्रोतको पहिचान गरेपछि मात्रै सरकारले दाता सम्मेलनमार्फत आवश्यक सहयोगबारे अन्तर्राष्ट्रिय समुदायलाई औपचारिक जानकारी गराउने गर्छ ।

रसुवाको बाढीपछि पनि विभिन्न मुलुकले नेपाललाई आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरिरहेका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले समेत सार्वजनिक रूपमा नेपाललाई आवश्यक सहयोग गर्ने बताएका छन् ।

# रसुवा बाढीपीडितका लागि नेपाल लाइफको रु. २ करोड ५१ लाख सहयोग

काठमाडौं- रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको बाढी तथा प्राकृतिक विपद्बाट प्रभावित परिवारको उद्धार, राहत, पुनःस्थापना तथा मानवीय सहयोगका लागि नेपाल लाइफ इन्स्योरेन्सले रु. २ करोड ५१ लाख आर्थिक सहयोग गरेको छ ।

नेपाल लाइफले उक्त रकम नेपाल सरकारको प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्न सहयोग गरेको हो । सहयोग रकमको चेक कम्पनीका सञ्चालक कमलेशकुमार अग्रवाल, पूर्वअध्यक्ष गोविन्दलाल संघाई र प्रमुख कार्यकारी अधिकृत प्रवीण रमण पराजुलीले संयुक्त रूपमा हस्तान्तरण गरेका हुन् । कम्पनीका अनुसार उक्त सहयोगले बाढी तथा प्राकृतिक विपद्बाट प्रभावित नागरिकको तत्काल उद्धार, राहत तथा पुनःस्थापना कार्यमा थप सहयोग पुग्ने विश्वास लिइएको छ ।

नेपाल लाइफले विपद्को यस कठिन समयमा प्रभावित परिवारप्रति गहिरो सहानुभूति व्यक्त गर्दै बाढीमा



ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली तथा घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ ।

कम्पनीले सामाजिक उत्तरदायित्वप्रतिको आफ्नो प्रतिबद्धतालाई निरन्तरता दिँदै विपद् तथा संकटका समयमा राज्य र समुदायसँग सहकार्य गर्दै जाने जनाएको छ । साथै, नेपाल लाइफले प्रभावित समुदायको राहत तथा पुनःस्थापना कार्यमा आ-आफ्नो क्षेत्रबाट सहयोग गर्न सम्पूर्ण नागरिकलाई आग्रह गरेको छ ।

# हिमालयन लाइफका कर्मचारीले गरे बढी प्रभावितका लागि ८ लाँख सहयोग



काठमाडौ । हिमालयन लाईफका कर्मचारीहरुले रसुवा बाढीपहिरो पीडितका लागि करिब ८ लाख रुपैयाँ बराबरको राहत सामग्री सहयोग गरेका छन् । उनिहरुले करिब ८ लाख रुपैयाँ बराबरको खाद्यान्न तथा लत्ताकपडा सहयोग गरेका हुन् ।

विपद्बाट प्रभावित परिवारलाई तत्काल राहत उपलब्ध गराउने उद्देश्यले कर्मचारीहरूबाट स्वेच्छिक रूपमा संकलन गरिएको खाद्यान्न तथा लत्ताकपडा नुवाकोटमा रहेको नेपाली सेनालाई हस्तान्तरण गरिएको हो । उक्त राहत सामग्री नेपाली सेनामार्फत रसुवाका बाढी तथा पहिरो प्रभावित क्षेत्रमा पुऱ्याइनेछ ।

बाढी तथा पहिरोका कारण प्रभावित नागरिकको दैनिकी कष्टकर बनेको अवस्थामा उनीहरूलाई तत्काल सहयोग पुऱ्याउने उद्देश्यले हिमालयन लाइफका कर्मचारीहरूले आफ्नै पहलमा राहत सामग्री संकलन गरेका हुन् । विपद्को समयमा पीडित परिवारको साथमा उभिने मानवीय भावना र सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राख्दै कर्मचारीहरूले उक्त सहयोग गरेका हुन् । कर्मचारीहरूबाट संकलित राहत सामग्रीमा खाद्यान्न तथा आवश्यक लत्ताकपडा समावेश गरिएको छ । नेपाली सेनामार्फत प्रभावित क्षेत्रमा राहत सामग्री पुऱ्याइने भएकाले वास्तविक रूपमा प्रभावित परिवारसम्म सहयोग पुग्ने विश्वास गरिएको छ ।

हिमालयन लाइफका कर्मचारीहरूले विपद्को समयमा सामाजिक उत्तरदायित्व निर्वाह गर्दै आवश्यक सहयोग र सहकार्यलाई आगामी दिनमा समेत निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेका छन् । मानवीय संवेदना, सामाजिक उत्तरदायित्व र सहकार्यको भावनासहित गरिएको यस सहयोगले बाढी तथा पहिरोबाट प्रभावित रसुवाका परिवारलाई कठिन परिस्थितिमा केही राहत पुग्ने अपेक्षा गरिएको छ ।

# सिटी एक्सप्रेसमार्फत नेपाल पैसा पठाउँदा सेवा शुल्क नलाग्ने

20th ANNIVERSARY
CITY EXPRESS
दुई दशकको अटुट विश्वास र साथ

काठमाडौं- नेपालका विभिन्न क्षेत्रमा हालै आएको विनाशकारी बाढी तथा पहिरोबाट प्रभावित परिवारलाई तत्काल आर्थिक सहयोग पुऱ्याउने उद्देश्यले सिटी एक्सप्रेसले विश्वका विभिन्न मुलुकबाट नेपाल पैसा पठाउँदा लाग्ने सेवा शुल्क पूर्ण रूपमा मिनाहा गर्ने निर्णय गरेको छ। कम्पनीले विपद्को कठिन घडीमा विदेशमा रहेका नेपालीले आफ्ना परिवारलाई सहज, छिटो र पूर्ण रकमसहित आर्थिक सहयोग पठाउन सकून् भन्ने उद्देश्यले बाढी आएको दिनदेखि नै उक्त विशेष सुविधा ल्याएको हो ।

अब खाडी मुलुकका संयुक्त अरब इमिरेट्स (यूएई), साउदी अरब, कतार, कुवेत र ओमान लगायतबाट नेपाल पठाइने रेमिट्यान्समा सेवा शुल्क नलाग्ने भएको छ । त्यसैगरी एसिया-प्रशान्त क्षेत्रका जापान, दक्षिण कोरिया, मलेसिया र अष्ट्रेलियाबाट पनि निःशुल्क रेमिट्यान्स सेवा उपलब्ध हुनेछ ।

युरोपका बेलायत, रोमानिया, पोर्चुगल, माल्टा, डेनमार्क, क्रोएसिया, स्विडेन, नर्वे, जर्मनी र फ्रान्समा रहेका नेपालीले समेत यो सुविधाको लाभ लिन सक्नेछन् । ओसनिया क्षेत्रमा रहेको न्युजिल्यान्डबाट नेपाल पैसा पठाउँदा पनि सेवा शुल्क लाग्ने छैन । विश्वभर फैलिएका सिटी एक्सप्रेस तथा यसका अन्य अन्तर्राष्ट्रिय च्यानलमार्फत पनि यो निःशुल्क सुविधा लागू गरिएको छ । यसबाट धेरै मुलुकमा रहेका नेपालीले नेपालमा रहेका आफ्ना परिवार तथा बाढीपहिरो प्रभावित आफन्तलाई आर्थिक सहयोग पठाउन सहज हुने अपेक्षा गरिएको छ ।

यो सुविधा तत्काल प्रभावकारी रूपमा लागू गरिएको कम्पनीले जनाएको छ । सिटी एक्सप्रेसले विदेशमा रहेका नेपालीलाई विपद्को यस कठिन समयमा आफ्ना परिवार र प्रभावित समुदायलाई सहयोग गर्न उक्त सेवाको अधिकतम उपयोग गर्न आग्रह गरेको छ ।

बिगत २० वर्षदेखि संसारभरबाट सहज, सुरक्षित र भरपर्दो रूपमा रेमिट्यान्स सेवा पुऱ्याउँदै आएको सिटी एक्सप्रेस नेपालको प्रमुख रेमिट्यान्स सेवा प्रदायक कम्पनी हो ।

# कुमारी बैंकले बाढी पीडित उद्धारका लागि रु.३ करोड ३९ लाख बराबरको सहयोग

काठमाडौ । कुमारी बैंक लिमिटेडले हाल देशका विभिन्न जिल्लाहरूमा आएको बाढी तथा प्राकृतिक प्रकोपबाट प्रभावित समुदायको राहत, उद्धार तथा पुनर्स्थापना कार्यमा सहयोग पुर्‍याउने उद्देश्यले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत रु. ३ करोड आर्थिक सहयोग प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको छ ।

साथै, बैंकले विपद् प्रभावित क्षेत्रहरूमा खोज, उद्धार तथा अनुगमन कार्यलाई थप प्रभावकारी बनाउन करिब रु.३९ लाख बराबरको ५ वटा अत्याधुनिक ब्क्ष जडित निगरानी ड्रोन (क्ष्चाचखभर्षीबिलअभ म्चयलभ), ३ वटा ५ पखब क्षमताका पोर्टेबल जेनेरेटर तथा १०० वटा पावर बैंक नेपाली सेनाको नुवाकोटस्थित क्याम्पमा हस्तान्तरणका लागि पठाइएको छ ।

हालैको विपद्बाट रसुवा, नुवाकोट, धादिङ, गोरखा, चितवन का जिल्लाहरू प्रभावित भएका छन, प्रभावित परिवारहरूलाई राहत, खाद्यान्न, अस्थायी आश्रय तथा अन्य आवश्यक मानवीय सहायता उपलब्ध गराउन नेपाल सरकारसँग समन्वय गरी उक्त सहयोग प्रदान गरेको छ ।

कुमारी बैंकले विपद् तथा मानवीय संकटका समयमा समुदायप्रति आफ्नो सामाजिक उत्तरदायित्व निर्वाह गर्दै आएको छ । उक्त सहयोगले प्रभावित समुदायको राहत, उद्धार तथा पुनर्स्थापना कार्यमा महत्वपूर्ण योगदान पुग्ने




विश्वास बैंकले व्यक्त गरेको छ ।

विपद्को यस कठिन घडीमा कुमारी बैंकले प्रभावित समुदायप्रति गहिरो दुःख व्यक्त गर्दै सम्बन्धित निकायहरूलाई राहत, उद्धार तथा पुनर्स्थापना कार्यलाई थप प्रभावकारी रूपमा अगाडि बढाउन आग्रह गर्नँ साथै, घाइतेहरूको शीघ्र स्वास्थ्यलाभ तथा बेपत्ताहरूको सुरक्षित खोज तथा उद्धारको कामना गरेको छ ।

# फ्ल्यास फ्लड पीडितका लागि एम ए डब्लु ग्रुपको सहयोग

काठमाडौँ – देशभरका विभिन्न जिल्लामा आएको विनाशकारी फ्ल्यास फ्लड (आकस्मिक बाढी) का कारण प्रभावित भएका नागरिकको राहत तथा पुनर्स्थापनाका लागि एमएडब्ल्यु ग्रुपले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु १ करोड ११ लाख (१,११,००,०००/-) योगदान गरेको छ ।

अविरल वर्षा र बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, गोरखा, तनहुँ, नवलपरासी, चितवन लगायत देशका विभिन्न भूभागमा ठूलो धनजनको क्षति भएको छ । बाढीले धेरै परिवारको घर, जीविकोपार्जनका साधन र प्रियजन खोसेको यस कठिन परिस्थितिमा एमएडब्ल्यु ग्रुपले नेपाल र नेपाली जनताप्रति आफ्नो ऐक्यबद्धता जनाउँदै उक्त रकम हस्तान्तरण गरेको हो ।

बाढीबाट प्रभावित परिवारलाई तत्काल राहत पुऱ्याउने र देशको पुनर्गठन तथा पुनर्निर्माण प्रक्रियामा सहयोग पुऱ्याउने उद्देश्यले यो योगदान गरिएको कम्पनीले जनाएको छ । सो सहयोगबारे बोल्दै एमएडब्ल्यु ग्रुपका अध्यक्ष श्री विष्णु कुमार अग्रवालले भन्नुभयो, "यस्ता कठिन परिस्थितिमा कम्पनीले सधैँ राष्ट्र र नेपाली जनताको साथमा उभिने र आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने प्रयास गर्दै आएको छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# हाईड्रो जेट दुबईका संचालक विष्णु पुडासैनीद्वारा अर्थमन्त्रीलाई ५१ लाख हस्तान्तरण

काठमाडौं- देश बाढीको चपेटामा परेका बेला दुबईमा व्यवसाय गरिरहेका नेपाली उद्यमी विष्णुप्रसाद पुडासैनी नेपाल फर्किए । उनी यसपटक व्यवसाय विस्तारका लागि होइन, विपत्तिमा परेका नेपालीको पीडामा मल्हम लगाउन नेपाल आएका हुन् । उनले बाढीपीडितको राहत तथा पुनःस्थापनाका लागि रु. ५१ लाख ५१ हजार १११ प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा सहयोग गरेका छन् ।



आफ्ना बुबा गोपीप्रसाद पुडासैनीको उपस्थितिमा नेपाल आएर उनले अर्थमन्त्री डा। स्वर्णिम वाग्लेलाई उक्त रकमको चेक हस्तान्तरण गरे । देश विपत्तिमा परेका बेला विदेशमा चुप लागेर बस्न नसकेको बताउँदै पुडासैनीले आफ्नो तर्फबाट मातृभूमिका लागि सहयोग गर्न पाउनु आफ्नो सौभाग्य भएको बताए ।

"विदेशमा बसे पनि मेरो मन नेपालमै छ । देश रोइरहेको बेला म त्यहाँ चुप लागेर बस्न सकिनँ । आफ्नो तर्फबाट सहयोग गर्न पाउनु मातृभूमिप्रतिको गुण तिर्ने एउटा प्रयास हो," उनले भने ।

उनले विदेशमा रहेका नेपालीलाई पनि विपत्तिको समयमा आफ्नो क्षमताअनुसार सहयोग गर्न आग्रह गरेका छन् ।

"देशलाई समस्या परेको बेला हामी जहाँ भए पनि एकजुट हुनुपर्छ । विदेशमा रहेका नेपालीले पनि आफ्नो ठाउँबाट सक्दो सहयोग गरौं," उनले भने ।

पुडासैनीको यो सहयोगले उनको सामाजिक जिम्मेवारी मात्र देखाउँदैन, विदेशमा बसेर पनि मातृभूमिसँग उनको सम्बन्ध कति गहिरो छ भन्ने पनि देखाउँछ । तर उनको परिचय यतिमै सीमित छैन । उनी विदेशमा सिकेको प्राविधिक सीप र लामो अनुभवलाई आफ्नै उद्यममा रूपान्तरण गरेर अन्तर्राष्ट्रिय बजारमा नेपाली प्राविधिक क्षमताको पहिचान बनाउन खोजिरहेका उद्यमी हुन् ।

हेटौंडाबाट सुरु भएको उनको प्राविधिक यात्रा अहिले संयुक्त अरब इमिरेट्स (यूएई) को दुबई हुँदै खाडी र एसियाली बजारसम्म पुगेको छ । करिब १९ वर्षको इन्जिनियरिङ तथा प्राविधिक अनुभवलाई व्यवसायसँग जोडेर उनले स्थापना गरेको हाइड्रोजेट ग्लोबल टेक्नोलोजी एन्ड सर्भिस अहिले भूमिगत पाइपलाइन पुनःस्थापना, फोहोर पानी व्यवस्थापन, संरचनात्मक मर्मत, औद्योगिक सरसफाइ तथा विशेष प्राविधिक उपकरणको क्षेत्रमा काम गरिरहेको छ ।

पुडासैनीको उद्यमशीलताको जग कार्यालयमा बसेर बनेको होइन, फिल्डमा काम गर्दागर्दै तयार भएको हो ।

करिब १९ वर्षको प्राविधिक यात्राका क्रममा उनले पानीका पाइपलाइन, ट्यांकी, टनेल, कल्भर्टलगायत जटिल संरचनामा काम गरे । त्यही क्रममा उनले प्राविधिक समस्या कसरी समाधान गर्ने भन्ने मात्र होइन, समस्या किन उत्पन्न हुन्छ र दीर्घकालीन समाधान कसरी खोज्ने भन्ने कुरा पनि नजिकबाट बुझ्दै गए ।

"मैले सिस्टम कसरी चल्छ भन्ने मात्र होइन, गडबडी किन हुन्छ र दीर्घकालीन समाधान कसरी दिने भन्ने कुरा फिल्डमै सिकें," उनी भन्छन् ।

त्यही अनुभव विस्तारै व्यवसायको आधार बन्यो ।

सन् २०१५ मा दुबईमा हाइड्रोजेट स्थापना भयो । कम्पनीले प्रारम्भमा अमेरिका, बेलायत, जर्मनी, पोल्यान्ड, नेदरल्यान्ड्स र टर्कीलगायत मुलुकबाट मेसिन तथा उपकरण आयात गरेर सेवा सञ्चालन गर्‍यो ।

तर अन्तर्राष्ट्रिय उपकरण प्रयोग गर्दै जाँदा पुडासैनीले एउटा महत्वपूर्ण समस्या महसुस गरे । बजारमा उपलब्ध सबै उपकरणले आफूले सामना गरेका विशिष्ट प्राविधिक समस्या समाधान गर्दैनथे ।

त्यसपछि उनले बजारमा उपलब्ध मेसिन किनेर मात्र काम गर्नेभन्दा आफ्नै आवश्यकताअनुसार मेसिन र उपकरण विकास गर्ने बाटो रोजे ।

"मेसिन किन्ने मात्र होइन, आफ्नो कामको आवश्यकता अनुसार मेसिन बनाउने बाटो हामीले रोज्यौं," उनी भन्छन् । साझेदार कारखानाका इन्जिनियरसँग सहकार्य गर्दै कम्पनीले उपकरणको डिजाइनदेखि उत्पादनसम्मको प्रक्रिया अघि बढायो । अहिले हाइड्रोजेट पी एन्ड एस तथा एचटीपी ब्रान्डअन्तर्गत विभिन्न उपकरण उत्पादन भइरहेका छन् ।

पाइपलाइन

सम्बन्धी यान्त्रिक उपकरण उत्पादन सुरु गरेको करिब सात वर्ष भइसकेको छ । गेट भल्भ, प्रेसर रिड्युसिङ भल्भ, एयर रिलिज भल्भ, बटरफ्लाई भल्भ तथा विभिन्न आकारका रिपेयर क्ल्यामप्लगायत उपकरण कम्पनीले आफ्नै आवश्यकता र प्राविधिक डिजाइनअनुसार तयार गराउँदै आएको छ ।

जुन आकारको पाइप हो, त्यसैअनुसार रिपेयर क्ल्याम्प डिजाइन गर्ने र आवश्यकता

अनुसार चीनका कारखानासँग सहकार्य गरी उत्पादन गर्ने अभ्यास कम्पनीले अपनाएको छ ।

आफ्नै डिजाइन र उत्पादन प्रक्रियामाथि विश्वास भएकै कारण कम्पनीले आफ्ना केही उत्पादनमा पाँच वर्षसम्मको वारेन्टी दिने गरेको पुडासैनी बताउँछन् ।

"हामीले प्रयोग गर्ने सामग्रीदेखि उत्पादन प्रक्रियासम्म थाहा हुन्छ । त्यसैले गुणस्तरमा विश्वास गर्न सकिन्छ," उनी भन्छन् ।

हाइड्रोजेटको काम मेसिन उत्पादनमा मात्र सीमित छैन । सानो ड्रेनेज लाइनदेखि उच्च चापका ठूला जेटिङ युनिटसम्म कम्पनीको कामको दायरा फैलिएको छ ।

ढल, वर्षाको पानी, फोहोर पानी तथा सिँचाइका पाइपलाइनमा जमेको फोहोर, बालुवा, तरल पदार्थ तथा अन्य अवरोध हटाउन कम्पनीले विभिन्न जेटिङ युनिट प्रयोग गर्छ ।

निर्माणका क्रममा ताजा कंक्रिट पाइपभित्र पसेर समयसँगै कडा हुने समस्या पनि कम्पनीले समाधान गर्दै आएको छ । त्यस्ता समस्याका लागि डायमन्ड कटर, चेन नोकर तथा विभिन्न कस्टमाइज्ड कटिङ औजार विकास गरिएको छ ।

कंक्रिट कटर, रुट कटर, ग्राउटिङ उपकरणदेखि समुद्री पाइपलाइनभित्र जम्ने कडा पदार्थ हटाउने विशेष डायमन्ड कटरसम्म कम्पनीले तयार गरेको छ ।

यसरी हेर्दा हाइड्रोजेटका लागि उपकरण उत्पादन छुट्टै व्यापार होइन । फिल्डमा देखिएको समस्या पहिचान गर्ने, त्यसको प्राविधिक कारण बुझ्ने, परीक्षण गर्ने र त्यसअनुसार समाधान विकास गर्ने निरन्तर प्रक्रिया हो ।

पुडासैनीको प्राविधिक यात्राको अर्को महत्वपूर्ण पक्ष मर्मत रसायनको विकास हो । भवन तथा संरचनामा देखिने चर्काइ, जग बस्ने, चुहावट र सिपेजजस्ता समस्याका लागि कम्पनीले इन्जेक्सन मर्मत प्रविधि प्रयोग गर्छ । खाडी क्षेत्रको उच्च तापक्रम, हावाको प्रभाव, पानीको गुणस्तर र माटोको अवस्थाले मर्मत रसायनको प्रभावकारितामा फरक पार्न सक्ने भएकाले कम्पनीले आफ्नै आवश्यकताअनुसार रसायन विकासमा काम गरेको हो ।

जर्मनी, मलेसिया, युरोपेली मुलुक तथा चीनका उत्पादनसँग तुलना गर्दै करिब अढाई वर्षसम्म नमुना परीक्षण गरिएको पुडासैनी बताउँछन् ।

लामो परीक्षण, अनुसन्धान र असफलताबाट सिक्दै आवश्यकताअनुसारको रसायन विकास गरिएको उनको भनाइ छ ।

उनका लागि उत्पादन भनेको बजारमा वस्तु ल्याउनु मात्र होइन । समस्या बुझ्नु, अनुसन्धान गर्नु, परीक्षण गर्नु र त्यसबाट प्रभावकारी समाधान विकास गर्नु नै उत्पादनको वास्तविक अर्थ हो । हाइड्रोजेटले अघि बढाइरहेको अर्को महत्वपूर्ण क्षेत्र हो,ट्रेन्चलेस प्रविधि ।

परम्परागत रूपमा भूमिगत पाइपलाइन मर्मत गर्न सडक वा जमिन खन्नुपर्ने हुन्छ । यसले सडक अवरुद्ध हुनुका साथै जनजीवन प्रभावित हुन्छ र समय तथा लागत पनि बढ्छ ।

ट्रेन्चलेस प्रविधिले भने धेरै अवस्थामा सडक वा जमिन नखनी भूमिगत पाइपलाइन मर्मत तथा पुनःस्थापना गर्न सकिन्छ। हाइड्रोजेटले सीआईपीपी रिलाइनिङ, यूभी, ब्लु-लाइट तथा स्टीम क्युरिङ, पोइन्ट प्याच मर्मत, रोबोटिक सीसीटीभी निरीक्षण, रासायनिक इन्जेक्सन तथा जीआरपी लाइनमेन्टजस्ता प्रविधिमा काम गर्दै आएको छ ।

खानेपानी, वर्षाको पानी, फोहोर पानी, सिँचाइ, प्रेसर तथा ग्राभिटी पाइपलाइनदेखि पानीमुनिका पाइपलाइनसम्म कम्पनीको प्राविधिक दायरामा छन् ।

"यो प्रविधिको सुन्दरता भनेकै समुदायलाई कम असर पार्नु हो । सडक खन्नुपर्दैन, मानिसको दैनिक जीवन रोकिँदैन," पुडासैनी भन्छन् ।

उनको भविष्यको सोच अझ अगाडि पुगेको छ । गहिरा च्याम्बर, बन्द स्थान तथा पानीमुनिका काम प्राविधिक रूपमा जोखिमपूर्ण हुन्छन् । यस्ता काममा मानिसलाई प्रत्यक्ष पठाउनुको सट्टा रोबोटिक प्रणाली प्रयोग गर्ने उनको योजना छ ।

"यस्ता काम मानिसले होइन, रोबोटिक प्रणालीले गर्ने अवस्थामा पुर्‍याउनु मेरो योजना हो," उनी भन्छन् ।

उनका लागि रोबोटिक प्रविधिको उद्देश्य मानिसलाई विस्थापित गर्नु मात्र होइन । जोखिमपूर्ण कामबाट मानिसलाई सुरक्षित राख्दै नयाँ प्रकारका दक्ष जनशक्तिको माग सिर्जना गर्नु पनि यसको उद्देश्य हो ।

नयाँ प्रविधिको खोजीका लागि हाइड्रोजेटले अन्तर्राष्ट्रिय प्रदर्शनीमा नियमित सहभागिता जनाउँदै आएको छ । ट्रेन्चलेस तथा पाइपलाइन प्रविधिसम्बन्धी अन्तर्राष्ट्रिय प्रदर्शनीमा विश्वभरका उत्पादक र प्रविधि विकासकर्तासँग प्रत्यक्ष सम्पर्क गर्ने, उपकरणको क्षमता बुझ्ने र आफ्नो बजारका लागि उपयोगी प्रविधि पहिचान गर्ने गरिएको पुडासैनी बताउँछन् ।

कुनै उपकरण खरिद गर्नुअघि खाडीको तापक्रम, पानीको गुणस्तर, कामको प्रकृति, मर्मतसम्भार खर्च र पार्टपुर्जाको उपलब्धतासमेत मूल्यांकन गर्ने गरिएको छ ।

कम्पनीका अनुसार चीनका एक सयभन्दा बढी कारखानासँग नियमित कारोबार भइरहेको छ। केही साझेदार कारखाना हाइड्रोजेटका लागि विशेष उत्पादनमा समेत केन्द्रित छन् । अमेरिका, बेलायत, टर्की तथा युरोपेली मुलुकबाट पनि उपकरण आयात हुने गरेको छ ।

ठूला अर्डर पठाउनुअघि उत्पादनकै चरणमा कारखाना पुगेर नमुना परीक्षण गर्ने अभ्यास कम्पनीले अपनाएको छ ।

हाइड्रोजेटले यूएईबाट आफ्नो सेवा विस्तार गर्दै ओमानसम्म पुर्‍याइसकेको छ । कतारमा व्यवसाय विस्तारको प्रक्रिया अघि बढिरहेको छ भने साउदी अरेबियामा प्रवेशको तयारी भइरहेको छ । बहराइन र कुवेतलाई पनि आगामी बजारका रूपमा हेरिएको छ ।

कतारमा सुनील कुमार घिमिरे र ओमानमा विवेक झा सह-साझेदारका रूपमा उनिसङ्ग जोडिएका छन् । अमेरिका र क्यानडाबाट समेत साझेदारीका लागि चासो आएको पुडासैनी बताउँछन् ।

नेपाल पनि उनको विस्तार योजनाको महत्वपूर्ण हिस्सा हो ।

तीव्र सहरीकरणसँगै नेपालमा ढल व्यवस्थापन, नदी तथा ताल सफाइ र भूमिगत पाइपलाइन मर्मतको आवश्यकता बढ्दै गएको उनको बुझाइ छ । त्यसैले वातावरणमैत्री, समय बचत गर्ने र लागतप्रभावी प्रविधिलाई नेपालमा विस्तार गर्ने उनको योजना छ ।

हाइड्रोजेटको व्यावसायिक दर्शनलाई पुडासैनी तीन शब्दमा समेट्छन । गुणस्तर, गति र लागत । गुणस्तरमा सम्झौता नगरी छिटो र लागतप्रभावी सेवा दिनु उनको प्राथमिकता हो । आफ्नै उपकरण र रसायन विकास गर्नुको मूल कारण पनि गुणस्तरलाई आफ्नै नियन्त्रणमा राख्नु रहेको उनी बताउँछन् ।

तर आफ्नो यात्रालाई उनी सफलताको अन्तिम बिन्दुका रूपमा हेर्दैनन् । "सय पाइला हिंड्नुपर्नेमा मैले दुई-तीन पाइला मात्र हिंडेको छु," उनी भन्छन् ।

आगामी दिनमा नयाँ प्रविधिको अध्ययन, नयाँ उत्पादन विकास, रोबोटिक प्रणालीको प्रयोग तथा खाडी र एसियाली बजारमा साझेदारी विस्तार उनको प्राथमिकतामा छन् । आफ्नो प्राविधिक यात्रालाई भविष्यमा पुस्तकका रूपमा समेत प्रस्तुत गर्ने योजना उनले बनाएका छन् ।

पुडासैनीको यात्राको सबैभन्दा महत्वपूर्ण पक्ष भनेको सीपलाई रोजगारी र उद्यममा बदल्ने सोच हो । विदेशमा काम गर्न पुगेका धेरै नेपालीले श्रम बेचेर कमाएको रकम नेपाल पठाउँछन् । पुडासैनीले भने विदेशमा सिकेको सीप, अनुभव र प्राविधिक ज्ञानलाई व्यवसायमा बदलेका छन् ।

आज उनको कम्पनीमा नेपालसहित भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका, अफ्रिकी मुलुक तथा स्थानीय जनशक्ति कार्यरत छन् । "मेरा सबै टोली सदस्यले उत्कृष्ट काम गरिरहेका छन् । यो एक्लैको सफलता होइन," उनी भन्छन् । उनको कथा त्यसैले एउटा नेपालीले दुबईमा व्यवसाय गरेको कथा मात्र होइन । यो विदेशमा सिकेको सीपलाई प्रविधिमा, प्रविधिलाई उत्पादनमा र उत्पादनलाई विश्व बजारमा बदल्न सकिन्छ भन्ने सम्भावनाको कथा हो ।

अझ महत्वपूर्ण कुरा, विश्व बजारमा आफ्नो व्यवसाय विस्तार गरिरहेका पुडासैनीका लागि नेपाल केवल बजार होइन, जिम्मेवारीको भूमि पनि हो। बाढीले देशका विभिन्न क्षेत्रमा नागरिकलाई समस्यामा पारेका बेला उनले रु। ५१ लाख ५१ हजार १११ सहयोग गरे। सहयोग हस्तान्तरण गर्न उनी आफैं नेपाल आए र अर्थमन्त्री डा। स्वर्णिम वाग्लेलाई चेक बुझाए।

चेक हस्तान्तरण गर्दै उनले देश रोएको बेला आफ्नो तर्फबाट सहयोग गर्न पाउनु मातृभूमिप्रतिको कर्तव्य पूरा गर्ने अवसर भएको बताए । विदेशमा रहेका नेपालीलाई पनि उनले विपत्तिको समयमा आफ्नो ठाउँबाट सक्दो सहयोग गर्न आग्रह गरेका छन्। हेटौंडाबाट सुरु भएको प्राविधिक यात्रा दुबई हुँदै खाडी र विश्व बजारतर्फ अघि बढिरहेको छ । अब पुडासैनीको लक्ष्य सेवा बेच्नेमा मात्र सीमित छैन ।

आफैं समाधान डिजाइन गर्ने, आफ्नै प्रविधि विकास गर्ने, जोखिमपूर्ण काममा रोबोट भित्र्याउने र नेपाली प्राविधिक क्षमतालाई विश्व बजारमा स्थापित गर्ने । त्यसैले विष्णुप्रसाद पुडासैनीको कथा विदेशमा गएर कमाउने नेपालीको परम्परागत कथाभन्दा फरक छ । यो सीपबाट उद्यम, उद्यमबाट प्रविधि र प्रविधिबाट विश्व बजार निर्माण गर्ने यात्राको कथा हो । दुबईमा व्यवसाय गरिरहेका यी नेपाली उद्यमीले विपत्तिको समयमा नेपाल फर्किएर गरेको ५१ लाखभन्दा बढीको सहयोगले उनको यात्राको अर्को पक्ष पनि उजागर गरेको छ। विश्व बजारमा व्यवसाय विस्तार गरिरहे पनि देश दुख्दा मन नेपालमै हुन्छ भन्ने सन्देश उनको यो यात्राले दिएको छ ।

## नेपालमा बाढीबाट भएको जनधनको क्षतिप्रति बंगलादेशी संसद्को शोक प्रस्ताव



काठमाडौं- नेपालमा आएको विनाशकारी बाढी तथा पहिरोमा परी ज्यान गुमाउनेहरूप्रति दुःख व्यक्त गर्दै बंगलादेशको संसद्ले सर्वसम्मतिले शोक प्रस्ताव पारित गरेको छ ।

शोक प्रस्तावमार्फत बंगलादेशी संसद्ले मृतकप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गरेको हो । प्रस्तावमाथि छलफलपछि सांसदहरूले मृतकहरूप्रति सम्मान व्यक्त गर्दै संसद् बैठकमा एक मिनेट मौनधारण गरेका थिए । त्यसपछि दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै प्रार्थना गरिएको थियो। प्रार्थनाको सञ्चालन बंगलादेशका धार्मिक मामिला मन्त्री काजी शाह मोफज्जल हुसेनले गरेका थिए ।

यसैबीच, बंगलादेशी संसद्का सभामुख हाफिज उद्दीन अहमदले पनि नेपालमा बाढी तथा पहिरोका कारण भएको ठूलो मानवीय क्षतिप्रति दुःख व्यक्त गरेका छन् ।सभामुख अहमदले शोक सन्देश जारी गर्दै विपत्तिमा ज्यान गुमाउने नेपालीप्रति श्रद्धाञ्जली अर्पण गरेका छन् भने शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गरेका छन् । उनले घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना समेत गरेका छन्

## बाढीपीडितका लागि अस्ट्रेलियाको थप सहयोग

काठमाडौं- भोटेकोसी बाढीबाट रसुवा, नुवाकोट र धादिङमा भएको क्षतिपछि अस्ट्रेलिया सरकारले राहत सामग्री, उद्धार उपकरण र जनशक्तिसहितको टोली नेपाल पठाउने भएको छ । अस्ट्रेलिया सरकारले रोयल अस्ट्रेलियन एयर फोर्स (आरएएफ) को सी-१७ए ग्लोबमास्टर विमानमार्फत अत्यावश्यक राहत सामग्री तथा उद्धार उपकरणसहितको जनशक्ति केही दिनभित्र नेपाल पठाउने तयारी गरेको हो ।

विनाशकारी बाढीपछि उद्धार तथा पुनःस्थापनाका लागि अस्ट्रेलिया सरकारले थप ३० लाख अस्ट्रेलियन डलर बराबरको मानवीय सहायता उपलब्ध गराउने घोषणा गरेको छ । यो बाढीपछि अस्ट्रेलियाबाट उपलब्ध गराइने दोस्रो चरणको मानवीय सहायता हो ।

नेपाल सरकारले अस्ट्रेलियासँग हाइजिन किट, सौर्य बत्ती लगायतका अत्यावश्यक आपत्कालीन सामग्री उपलब्ध गराउन अनुरोध गरेको अस्ट्रेलियाको रक्षा मन्त्रालयले जनाएको छ। थप सहयोगअन्तर्गत २० लाख अस्ट्रेलियन डलर यस्ता राहत सामग्री तथा अन्य मानवीय सहायता उपलब्ध गराउन छुट्याइएको छ । आरएएफले उक्त सहयोग सामग्रीमध्ये पहिलो खेप आगामी केही दिनमा क्विन्सल्यान्डबाट नेपाल ल्याउने तयारी गरिरहेको छ । भोटेकोसी बाढीपछि नेपालमा रहेका ४२ जना अस्ट्रेलियाली नागरिक अझै सम्पर्कविहीन रहेको अस्ट्रेलियाको रक्षा मन्त्रालयले जनाएको छ । यद्यपि, नेपाल पर्यटन बोर्डले भने ३५ जना अस्ट्रेलियाली पर्यटक सम्पर्कविहीन रहेको विवरण सार्वजनिक गरेको छ ।

सम्पर्कविहीन नागरिकको अवस्था यकिन गर्न तथा उनीहरूका परिवार र आफन्तलाई आवश्यक सहयोग उपलब्ध गराउन अस्ट्रेलियाले नेपाली उद्धार टोलीसँग समन्वय गरी खोजी कार्य अघि बढाइरहेको जनाएको छ ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१९, अंक- ६,
२०८३ साल भदौ १६ गते मंगलबार
1 SEPTEMBER 2026, TUESDAY

# रसुवा बाढीपछि ५० अर्ब बराबरको सहयोग प्रतिबद्धता, उद्धार व्यवस्थापनमै चुनौती

काठमाडौं । रसुवामा आएको भीषण बाढीपछि सरकारले औपचारिक रूपमा सहयोग आह्वान गर्नअघि नै करिब रु. ५० अर्ब बराबरको वित्तीय स्रोत तथा सहयोगको प्रतिबद्धता जुटेको छ। उद्योगी-व्यवसायी, व्यावसायिक घराना, आमसर्वसाधारण तथा विदेशमा रहेका नेपालीबाट करिब साढे रु. ७ अर्ब बराबरको नगद सहयोग जुटेको छ भने विभिन्न मुलुक तथा दातृ निकायबाट करिब रु. ३४ अर्ब २५ करोड बराबरको सहयोग घोषणा भएको छ । नगद सहयोगबाहेक बाढी प्रभावितका लागि ठूलो परिमाणमा राहत सामग्रीसमेत प्राप्त भइरहेको छ । भारतबाट औषधि, खाद्यान्न, टेन्टलगायत सामग्री आएको छ भने अन्य मुलुक तथा अन्तर्राष्ट्रिय संस्थाले पनि खाद्यान्न, औषधि, आश्रय तथा उद्धार सामग्री उपलब्ध गराइरहेका छन् । यति ठूलो मात्रामा सहयोगको प्रतिबद्धता आए पनि रसुवा बाढीपछि खोज, उद्धार तथा राहत व्यवस्थापनमा चुनौती कायमै छ । हालसम्म ७५२ जनाको मृत्यु भएको पुष्टि भएको छ भने थुप्रै नागरिक अझै बेपत्ता छन् । प्रभावित क्षेत्रमा खोज तथा उद्धार र राहत वितरणलाई थप तीव्र बनाउन दबाब



बढिरहेको छ । अर्थ मन्त्रालयको अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध महाशाखाका अनुसार सरकारले दातृ निकायसँग औपचारिक रूपमा सहयोग माग्नुअघि नै करिब रु. ३४ अर्ब २५ करोड बराबरको सहयोग प्रतिबद्धता प्राप्त भइसकेको छ। दातृ निकायबाट घोषणा भएको सहयोगमा विश्व बैंकको हिस्सा सबैभन्दा ठूलो छ । विश्व बैंकले करिब रु. २५ अर्ब बराबरको आपत्कालीन प्याकेज घोषणा गरेको छ । उक्त रकम सहुलियतपूर्ण ऋण तथा बजेट सहयोगका रूपमा परिचालन हुने जनाइएको छ ।

अर्थ मन्त्रालयका अधिकारीका अनुसार यो विगतमा घोषणा गरिएको प्याकेजअन्तर्गतकै रकम हो । तोकिएका काम समयमै सम्पन्न गर्न सके थप रकमसमेत प्राप्त हुन सक्ने र उपलब्ध रकम प्रभावकारी रूपमा खर्च गर्न सके थप सहायता अर्थात् 'टपअप'को सम्भावना रहनेछ । यस्तै, संयुक्त अरब एमिरेट्सले १ करोड अमेरिकी डलर अर्थात् करिब रु. १ अर्ब ५३ करोड, बेलायतले ५० लाख पाउन्ड अर्थात् करिब रु. १ अर्ब ४ करोड र अमेरिकाले ३६ लाख अमेरिकी डलर अर्थात् करिब रु. ५५ करोड सहयोग घोषणा गरेका छन् ।

संयुक्त राष्ट्रसंघले ३२ लाख अमेरिकी डलर अर्थात् करिब रु. ४९ करोड, दक्षिण कोरियाले १० लाख अमेरिकी डलर अर्थात् करिब रु. १५ करोड सहयोग गर्ने जनाएको छ । अन्तर्राष्ट्रिय रेडक्रस महासंघले प्रारम्भिक रूपमा १० लाख स्विस फ्र्यांक अर्थात् करिब रु. १९ करोड आपत्कालीन सहयोग जारी गरेको छ । महासंघले थप २ करोड ५० लाख स्विस फ्र्यांक सहयोगका लागि अपिलसमेत गरेको छ ।

एसियाली विकास बैंक (एडीबी) ले ५० लाख अमेरिकी डलर अर्थात् करिब रु. ७६ करोड अनुदान घोषणा गरेको छ । उक्त रकम खोज तथा उद्धार उपकरण, औषधि, खाद्यान्न, खानेपानी, आश्रय तथा सरसफाइ सामग्रीमा परिचालन गरिनेछ । एडीबीले विपद्पछिको आवश्यकता मूल्यांकन तथा पुनर्लाभ योजना तयार गर्न थप १ लाख ५० हजार अमेरिकी डलर अर्थात् करिब रु. २ करोड ३० लाख सहयोग गर्ने प्रक्रिया अघि बढाएको छ। यसबीच स्वदेशी निजी क्षेत्रबाट पनि बाढीपीडितका लागि ठूलो रकम सहयोग जुटेको छ। आइएमई ग्रुप र ग्लोबल आइएमई बैंकले रु. १५ करोड, नबिल बैंक र चौधरी ग्रुपले रु. १५ करोड तथा सूर्य नेपालले रु. १५ करोड सहयोग गरेका छन् । गोर्खा ब्रुअरीले रु. १० करोड र नेपालमा बीवाईडीको आधिकारिक वितरक साइमेक्स इंकले रु. ७ करोड सहयोग गरेका छन् ।

**दुर्गन्ध फैलिएर...**

काम गर्नुपर्ने देखिन्छ । एउटा विनासकारी बाढीले त समस्या निम्त्यो अर्को महामारी निम्तिन दिनु हुँदैन । नेपाली समुदायका थुप्रै मासिन बाढीमा बगेका छन् । निरासा छ । अभाव छ । कठिन छ । आवेग छ । तर यहि समयमा आफुलाई सञ्चारमाध्यममा चिनाउन, सामाजिक सञ्जालमा भाइरल हुने आकाक्षा राखेर जो कोहीले उद्धारमा खटिएका उद्धारकर्मीहरुलाई निरास पार्ने सरकारको विरोध गर्ने नाममा अराजकता अभिव्याक्ति व्यवहार देखाउने त्यस्तै प्रवृति भएका मानिसहरुलाई सञ्चारमाध्यमहरुले पनि साथ दिनु हुदैन ।

नेपाल सरकारको मातहतमा हरेको जनशक्ति मात्र नपुग्ने हो भने आम नागरिकलाई आवहन गरेर पनि भोटेकोसी, त्रिशुली नदी आसपासमा जमेको लेदो हटाउने र त्यस क्षेत्रमा भेटिएका लास, परिचय खुलेका र आफन्तले तुरुन्त बुझ्न सक्ने अवस्था बाहेक अन्य लास र मृत चौपायहरुलाई व्यवस्थित गर्दै छिटो खाल्टो खनेर पुर्न सक्नुपर्छ ।

विपत्तीको बेला कार्यसम्पादन छिटो गर्ने तरिकामा नै सरकारको दाईत्व भित्र पर्छ । तिनै दाईत्व पुरा गरेर काम गरिरहेको सरकारले गरेका निर्णयलाई अन्तिम मानेर जान सक्नुपर्छ । त्यसो गर्न सकियो भने थप अर्को महामारी फैलनबाट रोक्न सकिन्छ । यिनै कुराहरु नागरिकहरुले पनि बुझिदिनुपर्छ । एउटा प्राकृतिक विपत्ती त आएर गइनै सक्यो अर्को स्वास्थ्यमा महामारी नआओस् । सबै सचेत रहौं । सभ्य ढंगबाट सबै मिलेर यो प्राकृतिक विपत्तिलाई सावधान तिर लैजाऔं ।

**सरकारले...**

विपद्पछिको पुनर्निर्माणका क्रममा अन्तर्राष्ट्रिय अभ्यास र 'सेन्डाई फ्रेमवर्क' लगायतका आधारमा कानुन तथा संरचना निर्माण भए पनि अहिलेको व्यवहारिक आवश्यकतालाई समेत कानुनले सम्बोधन गर्नुपर्ने बताइन् ।

बैठकले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको विद्यमान फ्रेमवर्क तथा विपद् व्यवस्थापनसम्बन्धी कानूनी संरचनाको समेत अध्ययन गरी समितिमा थप छलफल गर्ने निर्णय गरेको छ ।

यसैगरी, विपद्का क्रममा हुने मानवीय क्षतिलाई ध्यानमा राख्दै अंग पहिचान, व्यवस्थापन तथा प्रत्यारोपणसम्बन्धी कानूनी व्यवस्थालाई थप व्यवहारिक बनाउनुपर्ने आवश्यकता औंल्याइएको सचिवालयले जनाएको छ ।

**एनआरएनएको...**

अध्यक्ष डा. हेमराज शर्मासहितको प्रतिनिधिमण्डल परराष्ट्र मन्त्रालयमा पुगेको थियो । भेटमा मन्त्री खनालले एनआरएनएले विदेशमा रहेका नेपाली समुदायलाई एकीकृत गरी विपद् व्यवस्थापन तथा पुनर्निर्माणमा परिचालन गर्ने पहल गर्नु स्वागतयोग्य रहेको बताए । पुनर्स्थापना र पुनर्निर्माणका सबै चरणमा एनआरएनए तथा अन्तर्राष्ट्रिय समुदायसँग सहकार्य गर्ने प्रतिबद्धता मन्त्री खनालले व्यक्त गरे । मन्त्री खनालले हालको विपद् अत्यन्त ठूलो प्रकृतिको रहेको उल्लेख गर्दै रसुवा र नुवाकोटका धेरै बस्तीमा ठूलो जनधन क्षति भएको बताए ।

एनआरएनएले बाढी प्रभावित नागरिकलाई ५ करोड सहयोग गर्ने घोषणा गरेको छ ।

**आपतकालीन कोष...**

रूपमा उल्लेख गरिएको छ । कृषि वन तथा पर्यावरण मन्त्रालयमा आयोजित बहुसरोकारवाला छलफल कार्यक्रमका प्रवक्ता डा. महेश्वर ढकालले नेपालले कोषसमक्ष औपचारिक पत्राचार गरेको र बाढीले पुऱ्याएको क्षतिको परिमाण नेपालको आन्तरिक स्रोत र तात्कालिक सम्बोधन गर्ने क्षमताभन्दा निकै माथि रहेको विषय उल्लेख गरेको हो। 'बाढीले पुऱ्याएको क्षतिको परिमाण नेपालको आन्तरिक स्रोत र तात्कालिक सम्बोधन गर्ने क्षमताभन्दा निकै माथि छ । बोर्डको नियमित दशौं बैठक आगामी डिसेम्बरमा तय भए पनि त्यो हाम्रो आवश्यकताका लागि निकै ढिलो हुने भएकाले विशेष निर्णय गरेर अहिले नै आपतकालीन सहयोग उपलब्ध गराओस् ताकि विश्व समुदायमा बोर्डले यसरी विपद्मा छिटो काम गर्छ भन्ने सकारात्मक सन्देश जाओस् भन्ने हाम्रो मुख्य माग हो,' उनले भने ।

पत्रमा खोजी, उद्धार, राहत तथा द्रुत क्षति मूल्यांकनको काम अझै जारी रहेको र आर्थिक तथा गैर-आर्थिक क्षतिको पूर्ण विवरण आउन बाँकी भएपनि प्रारम्भिक जानकारीहरूले यसको असर निकै गम्भीर र देशको धान्ने क्षमताभन्दा धेरै बढी रहेको औंल्याइएको ढकालले बताए । पत्रमा नेपालले जलवायु न्यायको पक्षलाई जोडदार रूपमा उठाउँदै विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको भूमिका शून्यप्रायः भएपनि जलवायु परिवर्तनको असमान र घातक प्रभाव मुलुकले निरन्तर खेप्नुपरेको उल्लेख गरेको छ ।

विपद्को जटिलता र मानवीय संकटलाई दृष्टिगत गर्दै पठाइएको पत्रमा 'विपद्को असाधारण गम्भीरता र व्यापकतालाई मध्यनजर गर्दै, नेपाल सरकार हानी नोक्सानी कोषको सञ्चालक समितिलाई आफ्नो कार्यविधिअनुसार द्रुत, प्रत्यक्ष र प्रभावकारी रूपमा सम्बोधन गर्न विशेष निर्णय लिन सादर अनुरोध गर्दछ,' भनिएको छ। पत्रमा समयको संवेदनशीलतालाई जोड दिँदै तत्काल प्राप्त हुने सहयोगले प्रभावित नागरिकहरूको सुरक्षा गर्न, अत्यावश्यक सेवाहरू पुनर्स्थापित गर्न र थप मानवीय पीडा रोक्न मद्दत पुग्ने उल्लेख छ ।

साथै, यस्तो संकटको घडीमा नेपाललाई सहयोग गरेर कोषले जलवायु जोखिममा रहेका मुलुकहरूका लागि अन्तर्राष्ट्रिय ऐक्यबद्धतालाई समयमै वास्तविक सहयोगमा बदल्न सक्छ भन्ने उदाहरण विश्वसामु प्रस्तुत गर्न सक्ने विश्वास व्यक्त गरिएको छ ।

सरकारले यस सम्बन्धी प्रारम्भिक मूल्यांकन, आधिकारिक तथ्यांक, भू-उपग्रहबाट प्राप्त जानकारी तथा क्षेत्रगत क्षतिको विवरण उपलब्ध गराउन पूर्ण रूपमा तयार रहेको र कोषसँग समन्वयका लागि तत्काल सम्पर्क अधिकृत (फोकल प्वाइन्ट) तोक्न पनि बोर्डलाई आग्रह गरेको छ ।

**पुनःनिर्माणको ...**

शक्तिशाली र प्रभावकारी ढङ्गले काम गर्नसक्ने संयन्त्रको परिकल्पना गर्न उनले आग्रह गरे ।

'तीन दिनभित्र हामीले कार्यढाँचा पेश गर्नुपर्छ । त्यो तपाईंहरुले तयार गरिदिनुस्,' उनले भनेका छन्, ' विगतमा कहाँ र के कारणले कमजोरी भयो, त्यसको सूक्ष्म अध्ययन गरी ऐन कानूनमा गर्नुपर्ने परिमार्जनका बारेमा योजना आयोगले खाका तयार पार्नुपर्छ ।'

भविष्यमा आइपर्ने जुनसुकै विपद्मा पनि राज्यका संयन्त्रहरू कसैको निर्देशन नपर्खी स्वचालित रूपमा उद्धार र पुनःस्थापनामा खटिन सक्ने गरी संयन्त्र बनाउनुपर्नेमा उनले जोड दिए ।

# जन आकाशको १९ औं वार्षिकोत्सवमा सम्मानित को को भए ?

काठमाडौं- २०८३ साल साउन ३१ गते नेपाल प्रज्ञा-प्रतिष्ठान, काठमाडौंमा आयोजित विशेष समारोह जन आकाश पत्रिकाका प्रबन्ध निर्देशक मोहन कार्कीको सभापतित्वमा, पूर्वउपसभामुख तथा वर्तमान प्रतिनिधिसभा सदस्य इन्दिरा रानामगरको प्रमुख आतिथ्य तथा प्रेस काउन्सिल नेपालका सदस्य शान्तराम विडारी, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य सुर्य सुवेदी, नेपाल व्यापार संघका अध्यक्ष गिरिराज पोखेल, सगरमाथा आरोही संघका उपाध्यक्ष दिवश पोखेल, वरिष्ठ पत्रकार भरत ढकाल, सुसेली प्रबंधक दुर्गा अधिकारी लगायतको आतिथ्य तथा विभिन्न दिगज व्यक्तित्वहरुको उपस्थितिमा भव्य कार्यक्रम भएको हो ।

प्रमुख अतिथि माननीय इन्दिरा रानामगरकोले पानसमा दिप प्रज्वलन गरी उदघाटन गर्नुभएको थियो । त्यपछि राष्ट्रिय गानद्धारा राष्ट्रलाई सम्बोधन गरी शुरु भएको कार्यक्रममा गायक गायिकाहरुले गीत गाएर स्वागत गरेका थिए । नृत्यकारहरुले स्वागत नृत्य गरेका थिए । सेसेली गायन, गजल लगायतका प्रतिभाहरुले आफ्नो प्रस्तुती देखाइएका थिय ।

समारोहमा राष्ट्र र समाजलाई योगदान पुऱ्याएका व्याक्तित्वहरुलाई सम्मान पत्रले सम्मानित गरिएको थियो । सम्मानित हुनेहरुमा वरिष्ठ पत्रकार सम्मानबाट सम्पादक एवं वरिष्ठ पत्रकार ताराचन्द्र देवकोटा, सांस्कृतिक तथा सम्पदा विज्ञ नेपाल सरकारका सहसचिव डा. सुरेश सुरथ श्रेष्ठ, साहित्यकार सुशिला खड्का, युवा पत्रकार अनिश मिजार, सुसेली सम्मान चन्द्रा न्यौपाने, नमूना कृषक मीना बस्नेत, कलाकार सुमन खड्का, व्यवसायी मैया थापा, फोटो पत्रकार सुवास सुनुवार लगायतलाई सम्मान पत्रले सम्मानित गरिएको थियो ।

त्यसैगरी जन आकाश मिडियाका आजिवन सदस्य बनेका व्याक्तित्वहरुलाई प्रमुख अतिथिको हातबाट प्रमाण पत्रले सम्मान गरिएको थियो । सम्मानित हुने व्याक्तित्वहरुमा कल्याण खड्का, भुपध्वज बुढाथोकी, अजय रानामगर, अनिस खत्री, दुर्गा अधिकारी, कृष्ण केसी, टेक बहादुर सुनुवार जोहोन, उमेस आरन, इश्वरी लामिछाने सुस्मिता, योन्देन ग्याल्छो घिसिङ, मुराली प्रसाद ढकाल, रामचन्द्र ढकाल, जयराम विडारी रहनु भएको थियो । जन आकाश मिडिया अन्र्तगतका साप्ताहिक, अनलाइन, (युट्युब) च्यानलमा अवद्ध भएका व्याक्तित्वहरुलाई जन आकाश मिडिया प्रा.लि.को १९ औं वार्षिकोत्सवका अवसरमा कदर पत्रले सम्मानित गरिएको थियो ।

कदरपत्रले सम्मानित हुने व्याक्तित्वहरु विनोद कार्की, विजिन्द्र नौवागे, अमिर लामा, शारदा पराजुली, राजकुमार झा, सानु शर्मा, सरस्वति अर्याल, सरोज पोखरेल नवराज गौतम, शुसिला विष्ट, गोबिन्द मधुर आचार्य, विमला सुनार, स्नेह कटुवाल, विनिता दाहाल, रामचन्द्र खड्का, चेतन राई, ठाकुर गौचन, रमेश पाठक, धुर्व खड्का, विजय गौतम,विष्णु परियार,.देवि खवास, प्रतिमा राई, दिपेश एसके,राज कुमार गिरी,यादव कार्की,सुवास खड्का, आयुषा राणा मगर, कृति श्रेष्ठ, अर्जुन कटुवाल

त्यसैगरी कार्यक्रममा प्रमुख अतिथि, विशेष अतिथि, अतिथिहरु र उपस्थित सबैलाई मायाको चिनोले सम्मान गरिएको थियो ।

उक्त अवसरमा जन आकाश मिडिमा कार्यरत विनोद कार्कीद्वारा लेखिएको 'फूल भिरैमा' बोलको लोक आधुनिक गीतको लोकार्पण समेत गरिएको थियो ।

कार्यक्रमकी प्रमुख अतिथि पूर्वउपसभामुख तथा प्रतिनिधिसभा सदस्य इन्दिरा रानामगरले आफूले रामेछापका विभिन्न भूभाग घुमेको र त्यहाँको प्रकृति कुनै पनि युरोपेली देशको भन्दा कम नरहेको बताउनुभयो । जन आकाशका मोहन कार्कीलाई



कोड नै गरेर तपाई पनि संसद लडेर हार्नुभयो । अव चुनाव जित्नलाई मन्थली विमानस्थलको वरिपरि फूल रोपेर चारैतिर सुन्दर बनाउनुस आउदा दिनको ससद तपाई हो भनेर हौसला प्रदान प्रमुख अतिथिले मन्थलीलाई आन्तरिक पर्यटन प्रवर्द्धनमा यथेष्ट सहयोग पुग्ने उहाले भनाई राख्नुभएको थियो । रानामगरले रामेछापवासीको एकता, भाइचारा र सहयोगी भावनाले आफूलाई खुसी बनाएको बताउनुभएको थियो ।

त्यसैगरी विशिष्ट अतिथिको रुपमा आउनु भएका निवर्तमान प्रेस काउन्सिल नेपालका सदस्य शान्त राम विडारीले पनि आफ्नो धारण राख्दै जनआकाश मिडियाको उत्तरोत्तर प्रगतीको कामना गर्नुभयो ।

त्यसैगरी अन्य अतिथिहरुले शुभकामना मन्तव्य राख्दै आ-आफ्ना धारणा राखेका थिए ।

सो अवसरमा जन आकाश मिडियाका अध्यक्ष कार्कीको सफलताको कथालाई मार्मिक रूपमा प्रस्तुत गरिएको थियो । साथै, संस्था स्थापनाको दशौं वर्षदेखि वार्षिकोत्सवका अवसरमा समाजका विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका विशिष्ट व्यक्तिहरूलाई सम्मान गर्ने परम्परा थालिएको र यस्ता सामाजिक उत्तरदायित्वका कार्यहरूलाई निरन्तरता दिइने कुरा पनि अध्यक्ष कार्कीले बताए । उनले कार्यक्रम सफल पार्न प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्ने र उपस्थित सम्पूर्ण महानुभावहरुप्रति हार्दिक आभार व्यक्त गरे । कार्यक्रममा उस्थित हुन नसकेपनि वृद्धा अवस्थामा रहेका पुर्व उपरथी तेज प्रकाश बाँनिया र वरिष्ठ समाजसेवी भद्रकुमारी घलेले शुभकामन सन्देश मार्फत जन आकाश पत्रिका परिवार तथा मोहन कार्की लगायतको टिमलाई आर्शिवाद शहितको शुभकामना सन्देश कविता पठाएका थिए । उक्त कविता दुर्गा अधिकारी भमरकोटेले वाचन गरेर कार्यक्रममा सुनाउनु भएको थियो ।

विजेन्द्र नौवागेद्वारा सहजीकरण गरिएको सो कार्यक्रम सभ्य एवं भव्य भएको थियो

गीतकार, साहित्यकार, पत्रकार र लेखक समेतका रुपमा परिचित मोहन कार्की बहुमुखी प्रतिभा ले सम्पन्न व्यक्तित्व हुन् । उहाले लेख्नुभएको माइली उपन्यास, कृपज विकासवादी कृति, आउन साथी आऊ सबै मिली विजयको मिठो गीत गाऊँ र मलाइ सुन्दर नेपाल बनाउने रहर छ, बोलको स्वदेश गान सार्वजनिक भइसकेका छन् । सानै उमेरमा काटमाडौं आई पत्रपत्रिका बेचेर नन्दी रात्रिमा पढ्दै सर्घष गर्दै पत्रकारितामा लागेका कार्कीले सञ्चालन गरेको जन आकाश मिडियाले सत्य, तथ्यमा समाचार आम मानिसमा प्रवाह गर्दै आएको छ ।

कार्यक्रमका अध्यक्ष तथा 'जन आकाश'का प्रबन्ध निर्देशक मोहन कार्कीले समारोहलाई सम्बोधन गर्दै संस्था यहाँसम्म आइपुग्दा पार गरेका सङ्घर्षका चरणहरूबारे प्रकाश पारे ।

भाग २

# दिव्य साधना



## दामोदर ढकाल ‘ दीपक’

आरती सकिएपछि प्रसाद वितरण हुन थाल्यो। मैले पनि एउटा फल खाएँ। मलाई आयोजकहरूले पाहुना गृहमा लिएर गए। अहो ! त्यहाँ त महँगो ओछ्यान,त्यस्तै सजावटका सामग्री,भित्तामा ठूलो टाँसेर राखेको टेलिभिजन रहेछ। मैले उक्त कोठा मेरो लागि उपयुक्त नभएको बताएँ। मलाई सामान्य कोठा,गुन्द्री र एउटा कम्मल मात्र दिन अनुरोध गरेँ। किनकि मलाई गुरुआज्ञा छ, विलासिताले साधकलाई विनास गराउनेछ। आयोजकहरूलाई आपत पर्‍यो किनकि उनीहरूले मेरा लागि भनेर भव्य प्रबन्ध गरेका थिए। त्यहीबेला एकजना वृद्ध आइपुगे। मैले वृद्धका मुखतिर हेर्दै सोधेँ , “हजुरको घर कति टाढा छ ?“

“यहाँबाट पाँच मिनेट ? “उनले जवाफ दिए।

“म केहीदिन हजुरकोमा बस्छु है !“मैले प्रस्ताव राखेँ।

“गुरुदेव हुन त हुन्थ्यो तर हामी निम्न स्तरका मान्छे, हजुरलाई सुविधा पुग्दैन कि ?“उनले नम्र स्वरमा बोले।

“मलाई सुविधा चाहिँदैन। स्वच्छ मन भए पुग्छ।

“गुरुलाई आफ्नो घरमा राख्न पाउनु मेरालागि अहोभाग्य हो।“उनले जवाफ दिए।

“ल जाऔँ हामी उसोभए ।“यति भनेर म उनको पछि लागेँ।

करिब पाँच मिनेट हिँडेपछि हामी उनको घर पुग्यौँ। घर मुनिको कान्लामा इस्कुसको झ्याङ् रहेछ। कति ठूला र राम्रा इस्कुस।

“मलाई बेलुकाको भोजनमा,एउटा इस्कुस उसिनेर दिनुहोला।“

“अन्न त खानुपर्छ नि गुरुदेव !“उनले बोले।

“पर्छ,जसले शारीरिक मिहिनेत र श्रम गर्छन्। तर मलाई यही एउटा इस्कुस पर्याप्त छ।“

उनले स्वीकृतिको मुन्टो हल्लाए।

उनको घरको नजिक छङ्छङ गर्दै बगेको खोला देखेपछि मैले भनेँ

“म खोलामा गएर साधना गरेर आउछु। हजुरहरू आफ्नो कर्म गर्नुहोस्।“

“एक्लै जाने र हजुर त्यहाँ त अनकन्टार छ। जङ्गली जनावर पनि भेटिन्छन् कहिलेकाहीँ। हामी पनि समूहमा मात्र जान्छौँ। नजिक देखिएपनि ४५ मिनेट जति लाग्छ।“उनले बताए।

“केही फरक पर्दैन। म अनकन्टार नै मन पराउने मान्छे हुँ। म साँझ फर्किन्छु।“

यति भनेर म खोलातिर जान निस्किएँ। ध्यान र गुरु स्मरणका निमित्त। चराहरू आफ्नै सुरमा गाइरहेका थिए। खोलो आफ्नै लयमा बगिरहेको थियो। हावाको लयसहित पातहरू नाचिरहेका थिए। बिभिन्न रङ्गीविरङ्गी फूल फूलेका,किरा पुतली र स-साना चराहरू ती फूलसँग रमाइरहेका आहा ! साँच्चिकैको अलौकिक शान्ति थियो। मैले गुरुलाई स्मरण गरेर ध्यानमा मग्न भएँ। ध्यानबाट फर्किदा ठूलो साँझ परेको थियो। म आसनबाट उठेर हिँड्न लागेँ। मलाई केही भयो कि भनेर गाउँलेहरू टर्चलाईट बालेर खोज्न आए। हामी सबैजना गफ गर्दै त्यो अभूतपूर्ण शीतलतामा हिडिरह्यौँ।

घर पुगेको एकछिनमा मेरो खाना आयो। सफा काँसको थालमा काक्रो चिरेजस्तै गरी चिरेर पकाइएको इस्कुस। मैलै भन्न बिर्सिएको थिएँ,म थालमा होइन पातमा खान्छु भन्ने। तसर्थ मैले टपरी छ हजुरका घरमा भनेर मागेँ। उहाहरूले टपरी ल्याइदिनु भयो। मैलै थालको इस्कुस टपरीमा हालेर भगवनाको स्तुति गर्दै जल र आहार खाएँ।

मैले खाएको उहाँहरूले अचम्म मानेर हेर्नुभयो। मैले चुठिसकेपछि भन्नुभयो। “हामीलाई त खानुअघि प्रार्थना गर्नुपर्छ भन्ने पनि थाहा छैन। “

“ठिकै छ,हजुरहरू आफैँ उब्जाउनु हुन्छ। मल, बीउ , सुरक्षा सबै गरेर फलाउनु हुन्छ। कर्मवीरले कर्म गर्नु नै प्रार्थना र आराधना हो। तर मैले त यो मिठो आहाराको निमित्त भगवान् र तपाईंहरूलाई धन्यवाद दिएर मात्र खानु उपयुक्त हुन्छ। किनकि यो खानेकुरामा मेरो कुनै योगदान नै छैन।

“जाने त सबैले गरे हुन्थ्यो,ज्ञान नभएर हो। “ती वृद्धले प्याच्च बोले।

खानु अगाडि हे भगवान् , हजुरले जुराउनु भएको आहारा हामी खाँदै छौँ। हजुरलाई कोटी कोटी नमन छ। यति भनेर खानुहोस्। यदि देवभाषा संस्कृतमा भन्ने हो भने यसरी भन्नुहोस्। थालको वरिपरि भागमा पानी अचाउने अनि अन्नमा जल छर्कंदै,

वासुदेवं गदाचक्रं त्रैलोक्यं सचराचरम्।

अन्नं ब्रह्मा रसो विष्णुः भोक्ता देवो महेश्वरः।।

यो श्लोक वाचन गरेपछि

भूतेभ्यः स्वाहा।

भूतपतये स्वाहा।

भन्ने। त्यसपछि श्रीकृष्णलाई स्मरण गरी

श्रीकृष्णाय नमः भनेर

पाँच गाँस थोरै-थोरै अन्न लिएर यस क्रमले खाने:

ॐ प्राणाय स्वाहा। – पहिलो गाँस
ॐ अपानाय स्वाहा। – दोस्रो गाँस
ॐ व्यानाय स्वाहा। – तेस्रो गाँस
ॐ उदानाय स्वाहा। – चौथो गाँस
ॐ समानाय स्वाहा। – पाँचौँ गाँस

अब बल्ल बिस्तारै खाने।

मैले गुरुले सिकाउनु भएको कुरा हजुरलाई बताएँ। अब यो पारिवारिक माहोलमा भजन गाऔँ र विश्राम गर्नुपर्छ।

पाथिभरा आमा तिमीलाई ...।

सबैले भजन गायौँ। मैले घरमा अरू नसके पनि मुजुराचाहिँ राख्नुहोला भनेँ।

किन गुरु ? उत्सुक हुँदै वृद्धले सोधे।

किनकि यो कलियुग हो।कलियुगमा कीर्तनबाट मात्र मोक्ष र मुक्ति सम्भव छ।

“हस् गुरुदेव। केही बाजाहरू पनि किनेर साँझमा केहीबेर परिवार मिलेर भजन गाउने छौँ।

त्यसपछि उहाँहरूले मलाई विश्राम कक्षमा लैजानु भयो। त्यहाँ पनि खाटमा नयाँ तन्दा फेरेर ओछ्यान बनाउनु भएको रहेछ। खाटको तल गुन्द्री रहेछ। मैले गुन्द्री निकालेर भुइँमा बिच्छ्याएँ। म यसैमा सुत्छु भनेँ।

चिसोको समय छ ओढ्ने चाहिन्छ नि गुरु ?

“पर्दैन। मलाई गुरुले दिनु भएको खास्टो छ। मलाई त्यो ओढ्दा पुग्छ। मलाई चिसो हुँदैन।

हजुरहरू पनि विश्राम गर्नुहोस्।

हरे राम।हरे राम। राम राम हरे हरे।
हरे कृष्ण हरे कृष्ण कृष्ण हरे हरे।

## जनआकाश मिडियाको उन्नाइसौँ वार्षिकोत्सवमा रचित एवम् वाचित केही सुसेलीहरू



**चन्द्रा न्यौपाने**
**संरक्षक एवम् संस्थापक केन्द्रीय सल्लाहकार**
**राष्ट्रिय सुसेली फाउन्डेसन, नेपाल**

हर्षका साथ
सञ्चालक/आयोजक हजुर,
छ धन्यवाद !१!

हर्ष अपार
सबैसबै जनमा
छ नमस्कार !२!
मौरीको घार
जन आकाशप्रति
व्यक्त आभार !३!

लेखें सुसेली
पुरस्कार, कोसेली
मन उजेली।४।

सम्मानसाथ
हार्दिकता यो माया
छ धन्यवाद !५!

राख्छु म मान
बुझी मर्म कर्मको
बढाई सान।६।

हर्ष बढाइँ
सम्मानित सबमा
अर्पें बधाई।७।

जन आकाश
सत्यतथ्य मिडिया
सबैका माझ।८।

प्रष्ट खुल्ला छ
उन्नाइसौं वर्ष यो
आहा ! उल्लास।९।

यो महोत्सव
उन्नाइसौं वसन्त
वार्षिकोत्सव।१०।

जन आकाश
सभ्य, भव्य औ रम्य
छर्दै प्रकाश।११।

जन आकाश
दशै दिशा समेटी
चुम्दै आकाश।१२।

सदा चाहना
नतिजामा केन्द्रित
देशभावना।१३।

सारा जगमा
सदा चुमोस् उद्देश्य
चम्कोस् नभमा।१४।

शुभ चाहना
चन्द्रसूर्यझैं होओस्
शुभकामना !१५!

## समया वृद्धवृद्धा सबै शम्भु रक्षा गर।



### ढकाल शिखरनाथ बेलकोटे

**गछन्दः स्रग्विणी**
**गणः र र र र**
**सत्केत :- कष्क कष्क कष्क कष्क**

तर्कका पारखी सृष्टिका सर्जक।
सर्व ती कर्मका साहसी कर्मठ।
शून्य आफैँ भए शक्तिमा निर्भर।
वृद्धवृद्धा सबै शम्भु रक्षा गर,।।१

भोकमा प्यासमा दिन्छ को भोजन।
गाथको रोगमा औषधी सेवन।।
गर्न ती वृद्धमा मिन्छ के आदर।
वृद्धवृद्धा सबै शम्भु रक्षा गर।।२

जीर्ण बन्दै छ त्यो दर्बिलो बर्कत।
खस्किँदो शक्तिले आर्जनी शून्य छ।।
बुझ्न त्यो गेहमा चाहने को छ र।
वृद्धवृद्धा सबै शम्भु रक्षा गर।।३

सम्झना यादमा चेतना खास छ।
चाहना गर्बिलो जीर्ण त्यो गाथ छ।।
गेहका देवता देवकी मन्दिर।
वृद्धवृद्धा सबै शम्भु रक्षा गर।।४

आँसु आँखाभरी बर्बरी झर्द छ।
थर्थरी ओठले वेदना बोल्द छ।।
दूर लौरी भयो सर्नको सादर।
वृद्धवृद्धा सबै शम्भु रक्षा गर।। ५

जन्मदाता मुमा कर्मदाता पिता।
श्रावणी मासका देवकी देवता।।
पुज्न छैनन् कतै पूज्य ती तस्बिर।
वृद्धवृद्धा सबै शम्भु रक्षा गर।।६

ढकाल शिखरनाथ बेलकाटे कवि नु. जि. बेलकोट न. पा. ११ तिगाउँ हाल का. जि. का. म. न. पा. १६ बालाजु।

# ‘पार्वती’को पहिलो दिनको कमाइ अर्थमन्त्रीलाई हस्तान्तरण



काठमाडौं- भदौ १२ गतेबाट प्रदर्शनमा आएको फिल्म ‘पार्वती’को पहिलो दिनको कमाइ पूर्वघोषणाअनुसार प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग गरिएको छ। सोमबार फिल्मकी निर्देशक तथा अभिनेत्री नीता ढुंगानाले अर्थ मन्त्रालय पुगेर अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई ११ लाख ३ हजार २७० रुपैयाँको चेक हस्तान्तरण गरेकी हुन्। फिल्मले पहिलो दिन (शुक्रबार) २५ लाख ९३ हजार रुपैयाँ ग्रस व्यापार गरेको थियो। त्यसबाट हलको सेयर, ट्याक्स र वितरकको कमिसन कटाएर निर्माताले पाउने सम्पूर्ण रकम कोषमा सहयोग गरिएको हो। फिल्म प्रदर्शनको अघिल्लो दिन नीताले पत्रकार सम्मेलनमार्फत पहिलो दिनको कमाइ रसुवा बाढीपीडितका लागि सहयोग गर्ने घोषणा गरेकी थिइन्।

अर्थमन्त्रीलाई फिल्मको पहिलो दिनको कमाइ हस्तान्तरण गर्दै नीताले भनेकी छन्, ‘सिनेमा हलसम्म आएर तपाईंहरूले दिनुभएको अगाध माया र विश्वास बिना यो पवित्र कदम सम्भव थिएन। यो सहयोग हामीले मात्र होइन, ‘पार्वती’लाई माया गर्ने तपाईं सम्पूर्ण दर्शकहरूले गर्नुभएको हो। यसका लागि हामी हृदयदेखि नै हार्दिक कृतज्ञता व्यक्त गर्दछौं।’

उक्त सहयोगसँगै नीताले बाढीपीडितका लागि अर्को प्रतिबद्धता पनि जनाएकी छन्। उनले भनेकी छन्, ‘दुःखमा परेका दिदीबहिनी तथा दाजुभाइहरूको आँसु पुछ्ने दायित्व हामी सबैको हो। त्यसैले फिल्म ‘पार्वती’ले देश तथा विदेशको सम्पूर्ण प्रदर्शन अवधिभर गर्ने कुल ग्रस आम्दानीबाट थप ५ प्रतिशत रकम बाढीपीडितको राहतका लागि सहयोग गर्ने घोषणा गर्दछौं।’

नीताले फिल्म प्रदर्शनअघि नै व्यक्तिगततर्फबाट प्रधानमन्त्री राहत कोषमा १ लाख रुपैयाँ सहयोग गरिसकेकी छन्। फिल्मका मुख्य कलाकार अशोक दर्जीले पनि आफ्नो पारिश्रमिकबाट २५ हजार रुपैयाँ कोषमा जम्मा गरेका छन्। फिल्मको पहिलो दिनको कमाइ समेत रसुवा बाढीपीडितका लागि सहयोग गरेपछि निर्माताको मानवीय कार्यको प्रशंसा भइरहेको छ।

दर्शकबाट सकारात्मक प्रतिक्रिया पाइरहेको फिल्मले आइतबारसम्म एक करोड हाराहारी व्यापार गरिसकेको छ। ‘गौँथली’पछि नेपाली फिल्मले गरेको यो दोस्रो ठूलो कमाइ हो। तर, आइतबारबाट फिल्मको व्यापारमा गिरावट आएको देखिन्छ।

# बाढीको पीडा समेट्दै चेतन राईको ‘बाढी आयो’ गीत सार्वजनिक

काठमाडौं। गायक तथा संगीतकार चेतन राईको आवाजमा चीनको तिब्बतबाट आएको भीषण बाढीले निम्त्याएको मानवीय पीडा र विपत्तिको कथा समेटिएको गीत ‘बाढी आयो’ सार्वजनिक भएको छ। राईको आधिकारिक युट्युब च्यानल ‘चेतन राई अफिसियल’मार्फत गीत सार्वजनिक गरिएको हो।

गीतमा आवाज, शब्द तथा संगीत स्वयंम चेतन राईकै रहेको छ। प्राकृतिक विपत्तिका कारण हजारौं मानिस प्रभावित भएको, धेरै परिवार विस्थापित हुनुपरेको तथा बाढीमा परी मानिसहरू बेपत्ता भएको पीडालाई गीतमार्फत प्रस्तुत गरिएको छ। गीतले बाढीका कारण पीडामा परेका नेपालीहरूको अवस्था र उनीहरूले भोग्नुपरेको दुःखलाई भावनात्मक रूपमा चित्रण गर्न खोजेको छ।

गीतको भिडियोमा समेत चेतन राईकै अभिनय रहेको छ। भिडियोमार्फत बाढीले निम्त्याएको विनाश, मानवीय संवेदना र पीडितहरूको अवस्थालाई दृश्यात्मक रूपमा प्रस्तुत गरिएको छ। लामो समयदेखि गीत-संगीतको क्षेत्रमा सक्रिय राईले यसपटक समसामयिक प्राकृतिक विपत्तिलाई विषय बनाएर गीत सिर्जना गरेका हुन्।

मनोरञ्जनसँगै समाज र देशमा घटिरहेका घटनालाई गीत-संगीतमार्फत प्रस्तुत गर्ने उद्देश्यले ‘बाढी आयो’ गीत तयार गरिएको राईले बताएका छन्।

तिब्बतबाट आएको भीषण बाढीका कारण जनजीवन प्रभावित भएको विषयलाई गीतको माध्यमबाट उजागर गर्दै राईले विपत्तिमा परेका मानिसप्रति सहानुभूति र मानवीय संवेदनाको सन्देश दिन खोजेका छन्। गीतले बाढीपीडितको पीडा, आफन्त गुमाउँदाको दुःख र बेपत्ताको खोजीमा रहेका परिवारको भावनालाई समेत समेटेको छ।

गीत सार्वजनिक भएसँगै दर्शक तथा स्रोतामाझ यसको चर्चा सुरु भएको छ। सामाजिक विषयवस्तुलाई गीत-संगीतसँग जोडेर प्रस्तुत गरिएको ‘बाढी’ले प्राकृतिक विपत्तिको पीडा र मानवीय संवेदनालाई एकैसाथ उजागर गरेको छ।

का.जि.प्र.का.द.नं.३५२/०६४-०६५ गो.हु.का. द.न.१/०७७/०७८

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१९, अंक- ६,
२०८३ साल भदौ १६ गते मंगलबार
1 SEPTEMBER 2026, TUESDAY

# नाइमाद्वारा रसुवा बाढी प्रभावितका लागि रु, ५० लाख सहयोग

काठमाडौं- नेपाल अटोमोबाइल इम्पोर्टर्स एण्ड म्यानुफ्याक्चरर्स एसोसिएसन नाईमाले रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीबाट प्रभावित नागरिकको राहत तथा पुनःस्थापनामा सहयोग पुऱ्याउन प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु. ५० लाख सहयोग गर्ने निर्णय गरेको छ ।

नाइमाले बाढीबाट भएको मानवीय तथा भौतिक क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै ज्यान गुमाउनेहरूप्रति भावपूर्ण श्रद्धाञ्जली, शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना तथा घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ ।

यस विपद्को घडीमा नाडाका सदस्य संस्थाहरूले पुऱ्याउँदै आएको सहयोगको समेत नाडाले प्रशंसा गरेको छ । विपद्को सुरुवातदेखि नै नाडाका सदस्य कम्पनीहरूले आर्थिक, यातायात तथा लजिस्टिक सहयोगलगायत विभिन्न माध्यमबाट उद्धार तथा राहत कार्यमा योगदान पुऱ्याउँदै आएका छन् ।

नाइमाआफ्नो स्थापनाकालदेखि नै विपद् तथा आपत्कालीन अवस्थामा सरकार तथा प्रभावित समुदायलाई सहयोग गर्दै आएको अध्यक्ष ऋतु सिंह वैद्यले बताउनुभयो ।

"यस्तो कठिन समयमा सरकार र प्रभावित नागरिकलाई सहयोग गर्नु निजी क्षेत्रको पनि साझा दायित्व हो । यस विपद्मा सहयोग र सहकार्यका लागि तत्परता देखाउनु भएका हाम्रा सम्पूर्ण सदस्य कम्पनीहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

सरकार, निजी क्षेत्र र समुदायबीचको सहकार्यले नै राहत तथा पुनःस्थापनालाई प्रभावकारी बनाउन सक्छ," अध्यक्ष वैद्यले भन्नुभयो ।

खोज, उद्धार तथा राहत कार्यमा खटिरहेका सरकारी तथा सुरक्षा निकाय, स्वास्थ्यकर्मी, उद्धारकर्मी, स्वयंसेवक, स्थानीय समुदाय तथा विभिन्न संघ-संस्थाप्रति उच्च सम्मान व्यक्त गर्दै नाडाले अटोमोबाइल तथा मोबिलिटी क्षेत्रका सम्पूर्ण सरोकारवालालाई आफ्नो क्षमता र उपलब्ध स्रोतअनुसार बाढी प्रभावित नागरिकको सहयोगमा हातेमालो गर्न आग्रह गरेको छ

# मुग्लिन-काठमाडौं सडक बन्द भए पनि इन्धन आपूर्तिमा समस्या नहुने निगमको दाबी




काठमाडौं । राजधानी प्रवेश गर्ने मुख्य राजमार्ग मुग्लिन-काठमाडौं सडकखण्ड अवरुद्ध भएपछि अत्यावश्यक सामग्री तथा पेट्रोलियम पदार्थको आपूर्ति प्रभावित हुने आशंका बढिरहेका बेला नेपाल आयल निगमले इन्धन आपूर्तिमा कुनै समस्या नहुने जनाएको छ ।

धादिङको बेनीघाट रोराङ गाउँपालिकास्थित कृष्णभीर नजिक त्रिशूली नदीले सडकको तल्लो भाग कटान गरेपछि सडक भासिएर मुग्लिन-काठमाडौं सडकखण्ड पूर्णरूपमा अवरुद्ध भएको हो ।

राजमार्ग अवरुद्ध भएपछि निगमले वैकल्पिक मार्गमार्फत पेट्रोलियम पदार्थ तथा खाना पकाउने एलपी ग्यास काठमाडौं ल्याउने तयारी थालेको छ । निगमका कार्यकारी निर्देशक नागेन्द्र साहका अनुसार मकवानपुरको हेटौंडा हुँदै वैकल्पिक मार्ग प्रयोग गरी इन्धन तथा ग्यास काठमाडौं ल्याइनेछ ।

"मकवानपुरको बाटो हुँदै इन्धन र ग्यास ढुवानी गर्दैछौं," साहले भने, "ग्यासका धेरैजसो प्लान्ट तराईमै भएकाले त्यहाँबाट ग्यास लोड गरेर वैकल्पिक मार्ग हुँदै काठमाडौं ल्याउँछौं ।"

उनका अनुसार काठमाडौंका लागि इन्धन आपूर्तिको मुख्य 'ब्याकअप' अमलेखगञ्ज डिपो हो । पाइपलाइनमार्फत अमलेखगञ्जमा पर्याप्त मात्रामा पेट्रोलियम पदार्थ आउने भएकाले त्यहाँबाट काठमाडौंमा नियमित आपूर्ति गर्न सकिने निगमको भनाइ छ ।

"पाइपलाइनबाट हामीले चाहेजति तेल आइरहेको छ," साहले भने, "अमलेखगञ्जबाट निजी ढुवानीकर्ता तथा डिलरका २० हजार लिटर र १२ हजार लिटर क्षमताका साना ट्यांकर प्रयोग गरेर इन्धन काठमाडौं ल्याउँछौं ।"

सडक अवरुद्ध हुँदा आपूर्ति शृंखलामा केही घण्टा ढिलाइ हुन सक्ने भए पनि बजारमा इन्धन अभाव नहुने उनले स्पष्ट पारे ।

यसअघि केही दिनदेखिको अविरल वर्षाका कारण रोकिएका अधिकांश इन्धन ट्यांकर शनिबार नै काठमाडौं भित्रिसकेकाले तत्काल बजारमा पेट्रोलियम पदार्थको कमी नहुने निगमले जनाएको छ ।

सडक बन्द भएको खबरपछि बजारमा इन्धन नपाइने हो कि भन्ने त्रास फैलिन सक्ने भन्दै निगमले उपभोक्तालाई अनावश्यक रूपमा इन्धन सञ्चित नगर्न र ढुक्क रहन आग्रह गरेको छ ।

"आपूर्ति सहज रूपमा भइरहेको छ र हामीले वैकल्पिक व्यवस्था गरिसकेका छौं," साहले भने, "सबैलाई आश्वस्त हुन आग्रह गर्दछु ।"

यसैबीच, अवरुद्ध सडकखण्ड खुलाउने तथा वैकल्पिक व्यवस्थाबारे सरकारले आवश्यक अध्ययन गरिरहेको जनाएको छ ।

# स्काईवेलको 'नाडा अफर' सकियो, अब टेस्ट ड्राइभ सुरु हुने

काठमाडौं- स्काईवेल ईभीको नेपालका लागि आधिकारिक बिक्रेता एलआरआर मोटर्सले 'नाडा अटो शो २०२६'को अवसरमा जारी गरेको ' नाडा अफर' २०८३ भदौ १४ गते आइतबार सकिएको छ । कम्पनीले स्काईवेलका बीई ११ मोडलका ईभीमा नाडा अफर अन्तर्गत ५ लाखसम्म छुट दिएको थियो । यो अफर अटो शोको अन्तिम दिन अर्थात् आइतबारसम्म बुकिङ गर्नेले प्राप्त गर्नेछन् ।

नाडा अटो शो अवधिभरीका लागि कम्पनीले ४१० किमी रेन्ज दिने इन्ट्री गाडीको मूल्य ४६ लाख ९९ हजार, ४१० किमी रेन्ज दिने कम्फर्ट गाडीको मूल्य ५३ लाख ९९ हजार, ४१० किमी रेन्ज दिने लक्जरी गाडीको मूल्य ५४ लाख ९९ हजार र ५२० किमी रेन्ज दिने गाडीको मूल्य ५९ लाख ९९ हजार तोकेको छ ।

अटो शो सकिएपछि ४१० किमी रेन्ज दिने इन्ट्री गाडीको मूल्य ४९ लाख ९९ हजार, ४१० किमी रेन्ज दिने कम्फर्ट गाडीको मूल्य ५५ लाख ९९ हजार, ४१० किमी रेन्ज दिने लक्जरी गाडीको मूल्य ५६ लाख ९९ हजार र ५२० किमी रेन्ज दिने गाडीको मूल्य ६४ लाख ९९ हजार रुपैयाँ कायम हुनेछ ।

जारी अटो शोमा स्काईवेलको मूल्यले धेरैको ध्यान खिचेको छ । लक्जरी ईभी एसयूभी निकै कम मूल्यमा सार्वजनिक भएको भन्दै यसको बुकिङ पनि उल्लेख्य मात्रामा आएको छ । कुल बुकिङ कति भयो भन्ने बारे कम्पनीले उपयुक्त समयमा जानकारी गराउने उल्लेख गरेको छ ।

साथै, अब केही दिनमै कम्पनीले टेस्ट ड्राइभ सुरु गराउँदैछ । अटो शो सकिएपछि एलआरआर मोटर्सले गाडीको टेस्ट ड्राइभ सुरु गरिने जनाएको छ ।

# पोट्रोनको इमास ५ विद्युतिय गाडी सार्वजनिक

■ मोहन कार्की




नेपालमा बिभिन्न प्रकारका भेइकल बेच्दै आएको दगदम्बा मोटर्सले मलेसियामा उत्पादित पोट्रोन इमास ५ कार बजारमा ल्याएको छ । जगदम्बा मोटर्सले नेपाली बजारमा अन्य कारहरु भन्दा लग्जरीस सुविधा भएको र प्राइजको रुपमा पनि मध्यस्तरको भएको हुदा अहिले नेपाली ग्रहकहरुको रोजाईमा पोट्रोन इमास ५ पर्न थालेको छ ।

**पोट्रोनको ईतिहास**

पोट्रोन कारको ईतिहास नै गौरवपूर्ण भएको हुनाले नेपाली बजारमा यसको महत्व अझै बढ्न थालेको हो । मलेसियाका पूर्व प्रधानमन्त्री विकासवादी नेता भनेर चिनिन्थे उनको नाम हो डा. महथी मोहम्मदले विश्व बजारमा मलेसियाको पनि सवारी साधनमा प्रतिस्पर्धा होस र राष्ट्रिय उद्योगको क्षेत्रमा मलेसिया पनि छ भन्ने अनुभूत गराउन यो कार कम्पनीको शुरुवात सन् १९७९ मा स्थापना गराएका थिए । उनले मलेसियाको औद्योगिक क्षमतालाई तिव्र विकास गर्दै थप विकसित देशहरुसँग प्रतिस्पर्धा गर्न सक्षम हुने उनको सपना र चाहना थियो । सोही सपना मुताविक सन १९८३ मा पोट्रोन कार तयार भयो र सन १९८५ मा पोट्रोन कार सार्वजनिक गर्न सफल भयो । यसको विकास क्रम बढ्दै गएर आन्तारिक बजार स्वदेशमा आफ्नै देशमा बनेको कार कुदाउने मलेसियनहरुको सपना पुरा भयो एकतिर भने अर्कोतिर अन्तराष्ट्रियस्तरमा सन् १९८६/१९८७ मा पोट्रोन एरोब्याक ह्याचब्याक मोडेल लन्च गरयो र अरु देशमा समेत पोट्रोन कार रुचाईएका कार मध्यमा पर्न थाले, बगलादेश, ब्रुनाई, न्यूजरल्याण्ड, माल्टा र श्रीलंकामा समेत बिक्री गर्दै आएको मलेसियन कम्पनीले सन १९८८ मा बेलायतमा भएको अटो शोमा आफ्नो उपस्थिति जनाएर नयाँ मोडलका गाडीहरु प्रदर्शन गर्दै ईरोपमा उपस्थिति जनाएको महत्वपूर्ण कार उत्पादित ब्राण्ड कम्पनीको रुपमा चिनाउन सफल कम्पनी बन्न पुग्यो । त्यसपछि कम्पनीले पछाडी फर्केर कहिल्यै हेर्नुपरेन । वेलायतमा उपस्थिति सँगै सन् १९९० मा साह आलममा ट्रान्समिशन एसेम्बली प्लान्ट स्थापना गर्न प्रयास गरे र सन् १९९६ मा पोट्रोनले ब्रिटिश स्पोर्ट्स कार निर्माता कम्पनीका लोट्स समूहको ८० प्रतिशत शेयर हिस्सेदार हाशिल गरयो । सन १९९८ मा लोट्स सँग भएको सीप, क्षमताको आधारमा ट्युनिङ र सस्पेन्सन प्रणालीहरु विकास गर्ने आफ्नो विशेषतालाई थप सुधार गरेर अगाडी बढ्यो र सट्रिया जिटिआई प्रविधियुक्त नयाँ युगमा प्रवेश गरेर सवैभन्दा राम्रो मलेसियन कार निर्माता कम्पनीको रुपमा परिचय बनाउन सफल भएको थियो ।

**२१ सौ सताब्दिको युगमा डाईभिङ**

बिस. २००३ मा आईपुग्दा पोट्रोनले १२८० एकडमा फैलिएको क्षेत्रमा तान्जुङ मलिम उत्पादन प्लान्टको निर्माण पुरा गरेर पोट्रोनले नयाँ युगको शुरुवात गरेको थियो जसमा पोट्रोनले नर्बिच, इङगल्याण्डको लोटस फ्याक्ट्रीमा आफ्नो नयाँ पोट्रोपाइप क्याम्प्रो ईन्जिन पनि विकास गरयो ।

बिस. २००४ मा पोट्राले डिजाईन गरेको जेन २ मोडेलहरु सार्वजनिक गरेको थियो । बिस. २००९ मा पोट्रोन एक्सोराको प्रक्षेपण गरी थप बहुउदेश्य सवारी साधनको शुरुवात गरेको थियो । यो मलेसियाको पहिलो सात सिटर गाडीको रुपमा एक्सोरा बजारमा आएको थियो । उक्त कारलाई मलेसियामा धेरै रुचाईएको थियो ।

सवारी साधन र व्यावसायमा कार्बन फुटप्रिन्टहरुको चिन्ता बढ्दै गएपछि पोट्रोनले समय सापेक्षिक वातावरणमैत्री आफ्नै विद्युतिय सवारी साधन बिस. २०१२ मा क्यामप्रो सार्वजनिक गरयो । बिस. २०१३ मा सेडान पोट्रोन, बिस. २०१४ मा सुप्रिम पोट्रान, बिस. २०१७ मा डा. महथी मोहमदको सपनालाई साकार पार्न अन्तराष्ट्रिय अटोमोबाईल न्भभथि (श्जभवष्बलन न्भभथि ज्यमिष्लन न्चयगउ ऋय, ात्तम) धयल तजभ दष्म तय बअत्रगष्चभ ब ४९.९% साझेदारी गर्दै अगाडी बढेको थियो । बिस. २०१८ मा पोट्रन कारले विश्व बजारमा आफ्नो बजारलाई प्रगाढ बनाएको छ । बिस. २०१९ मा नयाँ लोगोको विकास गरेर नयाँ युगको शुरुवात गरेको पोट्रोले ३७ वर्षको आफ्नो यात्रालाई पोट्रोनले अनुभवहरुको सगालोलाई थप विकास गरी पोट्रोन इमास ५ ईभि कार उत्पादन गरेर विश्व बजारमा बिक्रीको लागि पठाएको छ । सोही कार नेपालमा जगदम्बा मोटर्स प्रा.लिले ल्याएर बिक्री गरिरहेको छ । २२ प्रकारका मोडलमा कार उत्पादन गरको पोट्रोन कम्पनीको विश्वभरमा ४ मिलियन प्वाइन्ट ७ प्रतिशत कार बजारमा बिक्री भएका छन् ।

कुनैपनि कम्पनीले सफलता प्राप्त गर्न स्थापना कालमा नै लामो दृष्टि राख्न सक्ने क्षमताको नेतृत्व हुनुपर्छ । त्यसैगरी लामो समय त्यतिकै मात्रमा लगाव र मेहनत गरेको हुनुपर्छ । त्यसमा टिमको पनि उत्तिक्कै भूमिका हुनुपर्छ । यि सवै कुराहरु मिलेर नै पोट्रोनको इमास ५ मलेसियामा उत्पादन भएको नेपाली बजारमा छ ।

**के नेपालले पनि यस्तै सपना सहितको नेपाली सवारी साधन उत्पादन गर्न चाहयो भने सम्भव छैन र ?**

## आत्महत्या समस्याको समाधान होइनः

**आत्महत्याका प्रमुख कारणः**

- मानसिक तनाव, डिप्रेशन, एक्लोपन वा निराशा,
- हिंसा, पारिवारिक झगडा वा सम्बन्ध विच्छेद र प्रेममा असफलता,
- गरिबी, बेरोजगारी, आर्थिक संकट र ऋण लाग्नु,
- हिनताबोध, आवेश र घुर्की देखाउनु,
- व्यक्तिगत र पारिवारिक इच्छा, आकांक्षा पूर्ती हुन नसक्नु,
- सोचे अनुसार सफलता प्राप्त नहुनु,
- सामाजिक बहिष्कार वा दुर्व्यवहार लगायत ।

**रोकथामका लागिः**

- आफन्त, साथी वा विश्वासिलो व्यक्तिसाग समस्याका बारेमा खुलेर कुरा गरौं,
- तनाव वा समस्या परेमा मनोचिकित्सक वा परामर्शकर्ताको सहयोग लिऔं,
- आत्महत्याको सोच आएमा तत्काल परिवारका सदस्यलाई बताऔं वा सहायता केन्द्रमा सम्पर्क गरौं,
- तनाव र निराशामा रहेका व्यक्तिको समस्या सुनौं र सहयोग गरौं ।

"एक-अर्काको सहारा बनौं, आत्महत्या होइन समस्याको समाधान खोजौं"

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादकः मोहन कार्की (९८५१०८७१५६), सम्पादकः ईन्दिरा धमला, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार